# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक २ | काठमाडौं | मंगलबार, १२ वैशाख २०८० | Prabhab National Daily | Tuesday, April 25, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# लुम्बिनी सरकारमा दोहोरो दाबी

## नयाँ नबनिन्जेल पुरानैलाई जिम्मेवारी



हामीले संविधानको धारा १६८ को ३ अनुसार जानुपर्छ भनेर दाबी पेस गरेका हौं ।

■ लिला गिरी
मुख्यमन्त्री



एउटा विकल्प हुँदाहुँदै अर्को विकल्पमा जानुहुन्न भन्ने हो । पहिलो दाबी हाम्रो छ ।

■ डिल्लीबहादुर चौधरी
संसदीय दलको नेता, नेका

**काठमाडौं–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री लिला गिरीले विश्वासको मत पाउन नसकेसँगै सरकारको नेतृत्वमा दोहोरो दाबी परेको छ । सोमबार आफ्नो सरकार जोगाउन प्रदेशसभामा गिरीले विश्वासको मत मागेका थिए । उनको पक्षमा ३३ मत पर्दा ५३ प्रदेशसभा सदस्य विपक्षमा उभिए । यससँगै लुम्बिनीमा एमाले नेतृत्वको सरकार ढलेको छ ।

यद्यपि विश्वासको मत पाउन नसकेका गिरी पुनः मुख्यमन्त्रीको दाबी गर्न पुगेका छन् । सोमबार साँझ प्रदेश प्रमुख अमिक शेरचनलाई भेटेर गिरीले सरकारमा पुनः दाबी पेस गरेका हुन् ।

यता कांग्रेस लुम्बिनी प्रदेशका संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले पनि मुख्यमन्त्रीमा दाबी पेस गरिसकेका छन् । चौधरीले विश्वासको मतको नतिजा आउनसाथ प्रदेश प्रमुखलाई भेटेर आफ्नो दाबी पेस गरेका हुन् । यसअघि माओवादी केन्द्रले गत १२ चैतमा नै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि चौधरीलाई मुख्यमन्त्री बनाउन माग गर्दै ५३ जना सांसदले प्रदेश प्रमुखलाई हस्ताक्षर बुझाएका थिए ।

### यस्तो छ अंकगणित

लुम्बिनी प्रदेशसभामा ८७ जना सांसद छन् । यहाँ नयाँ सरकार गठनका लागि ४४ सांसदको समर्थन आवश्यक हुन्छ । लुम्बिनीमा सबैभन्दा ठूलो दल एमाले हो । एमालेका कूल २९, कांग्रेसका २७, माओवादीका ११, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका चार/चार, जनमत पार्टी र जसपाका तीन/तीन, एकीकृत समाजवादीका एक र एक जना स्वतन्त्र सांसद छन् ।

मुख्यमन्त्री गिरीलाई एमालेका २९ र राप्रपाका चार सांसदले मात्रै समर्थन गरेका छन् । विश्वासको मत नपाए पनि एमाले संविधानको धारा १६८ (३) अनुसार ठूलो दलको हैसियतमा नयाँ सरकारमा दाबी गरेको मुख्यमन्त्री लिला गिरीले बताए । 'हामीले संविधानको धारा १६८ को ३ अनुसार जानुपर्छ भनेर सुझाव दिन भेटेका हौं,' मुख्यमन्त्री लिला गिरीले (**बाँकी पृष्ठ २ मा**)


# ठूला दलमाथि खतराको 'घण्टी'

● परम्परागत शक्तिको प्रभाव क्षेत्रमा रास्वपाको धावा ● 'एकको बदला दुई' लिनेतर्फ उन्मुख



ठूला दलले रवि र उनको दललाई प्रतिशोध साँधेको अर्थमा जनताले बुझे । मुद्दा हाल्नुलाई जनताले घेराबन्दी गरेको अर्थमा बुझे । परिणामः पहिलेभन्दा बढी भोट कांग्रेस एमालेबाट आएको देखियो । यो दल वैकल्पिक शक्ति बन्ने देखियो ।

■ प्रा.डा. विष्णु दाहाल



■ जेबी योञ्जन

**काठमाडौं–** ठूला दलको ठूलो चुनौतीको रूपमा रवि लामिछाने नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देखिएको छ । प्रतिनिधिसभा उपनिर्वाचनको रुझानलाई आधार मान्दा ठूला दलहरू नेपाली कांग्रेस र नेकपा एमालेको प्रभाव क्षेत्रमा रास्वपाको 'घण्टी' चर्कोसँग बजिरहेको छ ।

यो समाचार तयार पार्दासम्म तनहुँ-१ मा रास्वपाका उम्मेदवार डा. स्वर्णिम वाग्ले जिततर्फ उन्मुख भएका छन् । निकटतम् प्रतिद्वन्द्वी कांग्रेस उम्मेदवार गोविन्द भट्टराईले हार स्वीकारिसकेका छन् । चितवन-२ मा लामिछाने पनि फराकिलो अग्रता बनाउँदै छन् । यस आधारमा वाग्ले र लामिछाने संसद्मा आउने देखिएको छ ।

प्रा.डा. विष्णु दाहाल कांग्रेस र एमालेको परम्परागत किल्लालाई रास्वपाले उपनिर्वाचनमा पनि तहसनहस बनाइरहेको बताउँछन् । उनको विश्लेषणमा रास्वपाले पाएको मत कांग्रेस-एमालेकै मतदाताको हो । जुन मतदाता परम्परागत दलभित्र व्याप्त अकर्मण्यता र अलोकतान्त्रिक पद्धतिको विरुद्धमा छन् । दलहरू जनउत्तरदायी नभएको र भ्रष्टाचारलाई निरन्तरता दिन 'सेटिङ'को राजनीति गरेको यी मतदातालाई मन परेको छैन । दाहालकै शब्दमा भन्दा तिनै मतदाताको विद्रोह उपनिर्वाचनमा देखिएको हो ।

अघिल्लोपटक चितवन-२ मा लामिछाने निर्वाचित भएका थिए । सर्वोच्चले नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा नगरेको ठहर गरेपछि लामिछानेले सांसद पद गुमाएका थिए । उनी पदमुक्त भएपछि रिक्त स्थानमा उपनिर्वाचन भएको हो । तर, यसपटक पनि उनै लामिछाने अधिक मत प्राप्त गरेर विजयी हुने आँकलन गरिएको छ ।

उनलाई अघिल्लोपटक मत दिने मतदातासँगै केही नयाँ मतदाता थपिने देखिएको डा. दाहाललाई लाग्छ । उता तनहुँ-१ मा भने कांग्रेस र एमालेकै मत रवि नेतृत्वको दल रास्वपाका उम्मेदवार वाग्लेले पाएका हुन् । 'ठूला दलले रवि र उनको दललाई प्रतिशोध साँधेको अर्थमा जनताले बुझे । सर्वोच्चमा अझै उनीविरुद्ध मुद्दा छ,' दाहालले प्रभावसँग भने, 'मुद्दा हाल्नुलाई जनताले घेराबन्दी गरेको अर्थमा बुझे । परिणामः पहिलेभन्दा बढी भोट कांग्रेस एमालेबाट आएको देखियो । यो दल वैकल्पिक बन्ने देखियो ।'

आगामी असारमा रविको नेतृत्वमा रास्वपा स्थापना भएको एक वर्ष पुग्छ । यति छोटो समयमै रास्वपाले साढे सात दशकअघि स्थापित दलहरूलाई आच्छुआच्छु पारिरहेको छ । कतिपयले भने भारतमा जसरी अरविन्द केजरीवालको नेतृत्वमा आम आदमी पार्टीको राजनीतिक प्रभाव भारतको दिल्ली, पञ्जाबलगायत प्रान्तमा तीव्र गतिमा फैलिरहेको छ, त्यसरी नै यता नेपालमा रास्वपाको प्रभाव हरेक संसदीय निर्वाचन क्षेत्रमा फैलिएको बताउने गरेका छन् ।

यसप्रति राजनीतिक विश्लेषक भीम भुर्तेलको समान धारणा छ । उनले सार्वजनिक भइरहेका मतको रुझान हेर्दा वैकल्पिक शक्तिको रूपमा रास्वपालाई स्थापित गर्न जनताले बल गरिरहेको बताए । 'पहिले जनताले दलहरू सच्चिउन् भन्थे । दलहरू सच्चिएनन् । नसच्चिएकै कारण जनता सच्चिए । त्यसको परिणाम अहिले देखिइरहेका छौं । यस्तै भए रास्वपा वैकल्पिक शक्ति बन्न सक्छ,' भुर्तेलले भने ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई ३ असोज २०७२ मा संविधान जारी भएपछि त्यही साता देशमा राजनीतिक क्रान्तिको कोर्स पूरा भएको र आर्थिक क्रान्ति मात्रै बाँकी रहेको निष्कर्षमा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'बालश्रम निवारण गर्न सरकार प्रतिबद्ध'





■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सरकार सबै किसिमका बालश्रम निवारण गर्न प्रतिबद्ध रहेको बताएका छन् । नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनसँग सोमबार मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री भण्डारीले सबै प्रकारका बालश्रम निवारण गर्न प्रतिबद्ध रहेको बताएका हुन् ।

भेटका क्रममा मन्त्री भण्डारीले मन्त्रालयको जिम्मेवारीमा आएपश्चात् आन्तरिक एवं वैदेशिक रोजगारीको क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउने सन्दर्भमा प्राप्त अवसरहरूको अधिकतम उपयोग गर्दै चुनौतीहरूलाई क्रमशः न्यूनीकरण गर्दै लैजाने बताए । उनले अमेरिकन सरकारका तर्फबाट युएसआइडी, एमसिसीजस्ता परियोजनामार्फत नेपालको विभिन्न क्षेत्रमा प्राप्त सहयोगका लागि धन्यवाद व्यक्त गरे । मन्त्री भण्डारीले अमेरिकाको श्रम विभागले सार्वजनिक गरेको प्रतिवेदनको सन्दर्भमा नेपाल बालश्रम निवारण गर्न प्रतिबद्ध रहेको बताउँदै नेपालले आफ्नो प्रतिवेदनसमेत अमेरिकाको श्रम विभागमा प्रेषित गरेको राजदूत थम्पसनलाई जानकारी गराए । यसैगरी रोजगारीको क्षेत्रमा देखापरेका विविध समस्या, चुनौती, ठगीलगायतका विषयलाई न्यूनीकरण गर्न आफू निरन्तर लागिरहेको बताउँदै उनले सीपयुक्त जनशक्ति उत्पादन गर्ने र विशिष्टीकृत सीपलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनु आफ्नो प्राथमिकतामा रहेको बताए ।


द्विपक्षीय भेटका क्रममा राजदूत थम्पसनले नेपाल र अमेरिकाबीच विविध क्षेत्रमा भएको सहकार्य प्रशंसनीय रहेको बताउँदै एमसिसी परियोजना सहजरूपमा अगाडि बढेकोमा खुसी व्यक्त गरे । उनले युएसआइडी कार्यक्रमको समयावधि थप भएको जानकारी गराउँदै वैदेशिक रोजगारीका क्रममा देखापर्ने मानव तस्करीलगायतका समस्या समाधानका लागि नेपालले चाल्ने कदममा अमेरिकी सरकारको सदैव सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गरे । राजदूत थम्पसनले वैदेशिक रोजगारीमा नेपाली श्रमिकहरूले प्रदर्शन गरेको अनुशासन एवं इमान्दारिताको उच्च प्रशंसा गरेको मन्त्रालयले जनाएको छ ।

# स्वास्थ्य संस्थाको सूची सार्वजनिक

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणसम्बन्धी कार्य गर्ने २१५ वटा स्वास्थ्य संस्थाको सूची सार्वजनिक गरेको छ । वैदेशिक रोजगारीमा जानुपूर्व श्रमिकहरूको स्वास्थ्य परीक्षण गर्न इजाजतपत्र प्राप्त गरेका स्वास्थ्य संस्थाहरूको नवीकरणका आधारमा मन्त्रालयले उक्त सूची सार्वजनिक गरेको हो ।

स्वास्थ्य परीक्षणका लागि अनुमति लिएका संस्थाहरूले 'स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२' अनुसार प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । निर्धारित समयभित्र तोकिएबमोजिम दस्तुर, कागजात तथा अन्य विवरणहरू पेस गरी नवीकरणका लागि योग्य भएका स्वास्थ्य संस्थाहरूको सूची प्रकाशन गरिएको मन्त्रालयले जनाएको छ । सूचीमा परेका स्वास्थ्य संस्थाहरूले २०८० पुस मसान्तसम्म विदेश जाने श्रमिकहरूको स्वास्थ्य परीक्षण गर्न पाउने छन् ।

यसरी स्वस्थ्य परीक्षणसम्बन्धी कार्यका (**बाँकी पृष्ठ ५ मा**)






## ठूला दलमाथि...

पृष्ठ १ बाट जारी

पुग्दै वैकल्पिक शक्ति बनाउने अभ्यासमा जुटे ।

'नयाँ शक्ति' पार्टी खोले । तर, उनको वैकल्पिक शक्ति निर्माण गर्ने अभियान जनताबाट अनुमोदन भएन । उक्त दलको हाल नामोनिशाना नै छैन । परिणामतः वैकल्पिक राजनीतिको बाटो छाडेर पुरानै बाटोमा फर्किएका छन् । भट्टराईसँगसँगै वैकल्पिक दलको रूपमा उज्जल थापाले विवेकशील नेपाली दललाई अघि सारेका थिए । हाल यो दल निकै कमजोर अवस्थामा छ ।

जबर्जस्त रवि नेतृत्वको दल रास्वपा भने वैकल्पिक शक्तिको रूपमा उदाएको राजनीतिक विश्लेषकहरू स्वीकार्छन् । उनीहरूको ठम्याइमा मुलतः उत्पादनशील र उद्यमशील जनशक्ति रोजगारी खोज्दै विदेशी भूमिमा हुनु, देशमा रोजगारीको अवसर पर्याप्त मात्रामा हुनु, सुशासन कायम नहुनु, भ्रष्टाचार न्यूनीकरण नहुनु र जनताले अपेक्षा गरेअनुसारको विकास नहुनु जस्ता कारणले आजित र आक्रोशित जनताको मत रास्वपाले पाएको हो । रास्वपा वैकल्पिक शक्तिको रूपमा देखिनुको आधार यिनै मानिन्छ ।

उसो त यस्तो मत रास्वपाले मात्रै पाएको होइन, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले पाएका छन् । यसअघि २०६४ मा भने जनताले माओवादीलाई हाल रास्वपासहितका दलहरूलाई भन्दा अधिक जनमत प्राप्त भएको थियो । संविधानसभाको २४० वटा निर्वाचन क्षेत्रमध्ये १२० वटा क्षेत्रमा माओवादीले निर्वाचन जितेको थियो । त्यसअघि २०५१ सालमा एमाले र २०४८ र २०१५ मा कांग्रेस वैकल्पिक शक्तिको रूपमा देखापरेका थिए ।

## लुम्बिनी...

पृष्ठ १ बाट जारी

प्रभावसँग भने ।

यता आठ दलीय गठबन्धन भने एमालेलाई सक्दो चाँडो सत्ताच्युत गराउन चाहन्छ । एक महिनाअघि नै ५३ जनाको हस्ताक्षर बुझाएको आठ दलीय गठबन्धन संविधानको धारा १६८ को २ अनुसार नै कांग्रेस दलका नेता चौधरीलाई मुख्यमन्त्री बनाउन प्रदेश प्रमुख शेरचनसमक्ष फेरि दाबी पेस गरिसकेका छन् । लुम्बिनीमा एमालेले अल्पमतको सरकार चलाइरहेको चौधरीको आरोप छ ।

'हामीले एक महिनाअघिबाटै दाबी गरेको हो बहुमत हामीसँगै छ भनेर । प्रक्रियामा जाने एउटा कुरा भयो । अल्पमतमा भएको कुरा त हामीले पहिल्यै जानकारी गराएको हो नि,' चौधरीले प्रभावसँग भने, ' फेरि पनि हामीले दाबी पेस गरेका छौं ।'

अध्ययन गर्दै प्रदेश प्रमुख

नयाँ सरकारमा नेतृत्वका लागि दोहोरो दाबी परेपछि प्रदेश प्रमुख शेरचनले गिरीलाई नै कमचलाउ सरकारको जिम्मेवारी तोकेका छन् । 'प्रदेश प्रमुख अमिक शेरचनज्यूबाट अर्को व्यवस्था नहुँदासम्मका लागि मौजुदा मन्त्रिपरिषद्लाई नै मिति २०८० वैशाख ११ मा काम चलाउ सरकारको रूपमा तोक्नुभएको हुँदा उपरोक्तानुसार व्यहोरा जानकारीका लागि अनुरोध छ,' प्रदेश प्रमुखको कार्यालय लुम्बिनीले सोमबार साँझ जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश मन्त्रिपरिषद् गठनसम्बन्धी व्यवस्था संविधानको धारा १६८ मा उल्लेख छ । धारा १ मा प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार मुख्यमन्त्री बनेका गिरीले विश्वासको मत नपाएसँगै अब उपधारा २ वा ३ अनुसार सरकार बन्नेछ ।

१६८ को उपधारा २ मा भनिएको छ, 'उपधारा १ बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई दलभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ ।' यही व्यवस्थाअनुसार कांग्रेसले सरकारको नेतृत्वमा दाबी गरेको हो ।

यता कामचलाउ मुख्यमन्त्री गिरीले धारा १६८ को उपधारा ३ मा व्यवस्था भएको प्रावधानअनुसार मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन् । उपधारा ३ मा भनिएको छ, 'प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।'

अब सरकारको चाबी कसलाई दिने ? जिम्मेवारी प्रदेश प्रमुख शेरचनको हातमा पुगेको छ । शेरचनले मुख्यमन्त्रीका दुवै दाबेदारलाई अध्ययन गरेर जवाफ दिने भन्दै फर्काएका छन् । कांग्रेसका चौधरीलाई शेरचनले भनेका छन्, 'म बुझ्छु अनि खबर गर्छु भ ।'

प्राथमिकताको आधारमा विकल्प रोज्नुपर्ने चौधरीको दाबी रह्यो । 'एउटा विकल्प हुँदाहुँदै अर्को विकल्पमा जानुहुन्न भन्ने हो । पहिलो दाबी हाम्रो छ,' चौधरीले भने । यता मुख्यमन्त्री गिरीलाई शेरचनको जवाफ छ, 'ठीक छ म अध्ययन गर्दै छु ।'

नेकपा माओवादी केन्द्रका प्रदेश अध्यक्ष सुदर्शन बरालले १६८ को २ अनुसार नै सरकार बन्ने दाबी गरे । उपधारा २ अनुसार सरकार बन्ने अवस्था रहँदासम्म ३ मा जान नमिल्ने उनको भनाइ छ । दुई उपधारा बाझिँदा सरकार कसको बन्ने भन्ने अनिश्चित बनेको छ ।

# मानसिक हिंसाका उजुरी धेरै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय महिला आयोगमा चालु आर्थिक वर्षको चैतसम्म मानसिक हिंसासम्बन्धी ४२ प्रतिशत उजुरी परेका छन् । आयोगका प्रवक्ता चमिला भट्टराईले हिंसाका विभिन्न स्वरूपमध्ये सो अवधिमा महिला हिंसासम्बन्धी कूल एक हजार ४६७ उजुरीमध्ये मानसिक हिंसासम्बन्धी ६१२ वटा उजुरी परेका छन् ।

'आयोगमा दर्ता भएका विभिन्न प्रकारका उजुरीमध्ये मानसिक हिंसासम्बन्धी धेरै छन्,' उनले भने, 'यसबाहेक आर्थिक, शारीरिक र यौनजन्य हिंसासम्बन्धी पनि उजुरी परेका छन् ।'

आयोगको तथ्यांकअनुसार साउनदेखि चैतसम्म आर्थिकसम्बन्धी ४३०, शारीरिकसम्बन्धी ३७९, यौनजन्य हिंसासम्बन्धी ४६ वटा उजुरी दर्ता भएका छन् भने मानसिक हिंसासम्बन्धी ६१२ उजुरी दर्ता भएका छन् ।

शारीरिक हिंसामा कुटपिट, जबरजस्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक घाउ, चोटपटक वा क्षति पुग्नेगरी गरिने कुनै पनि प्रकारको हिंसा यसअन्तर्गत पर्दछ ।

आर्थिक हिंसामा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोतसाधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य यसभित्र पर्दछ । साथै, यौनजन्य हिंसामा काम गर्ने तथा अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थान, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौनशोषण, जबर जस्ती संवेदनशील अंग छुने वा छुवाउने, जबरजस्ती वा झुक्काएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटना पर्दछ ।

लैंगिक हिंसामा सार्वजनिक वा निजी जीवनमा लैंगिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडालाई बुझाउँछ । लैंगिक आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारीरूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेत बुझिन्छ ।

मानसिक हिंसामा शारीरिक यातनाको डर, धाकधम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौच गर्ने, अपशब्द बोल्ने, अरुका अगाडि होच्याउने, तिरस्कार गर्ने, झूठा वात लगाउने, घरबाट निकाला गर्ने, इच्छाविपरीत काम गर्न लगाउने साथै वैचारिक, धार्मिक सांस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई जनाउँदछ ।

मुलुकभरका हिंसाको सम्बोधनमा केन्द्रीय तहमामात्रै सीमित भई काम गर्दा अपेक्षाकृत उपलब्धि हासिल नभएको आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले बताइन् । लैंगिकमैत्री समाज निर्माणका लागि आयोगलाई स्थानीय तहसम्म पुऱ्याउन सक्नुपर्ने उनको भनाइ छ । संविधानमा राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशस्तरमा कार्यालय खोल्नसक्ने व्यवस्था भए पनि हालसम्म प्रदेशमा कुनै कार्यालय स्थापना भएको छैन ।

हाल आयोगले पीडितको उद्धार तथा उजुरीको सम्बन्धमा मेलमिलाप गराउने, विभिन्न निकायः प्रहरी, पुनःस्थापना केन्द्र, ओसिएमसी, स्थानीय तह, न्यायिक समिति, कानुनी सहायता प्रदान गर्ने संस्थासँग समन्वय गरी सेवाग्राही र सेवा प्रदान गर्ने निकायको बीच पुलको कामलगायतका जिम्मेवारी बहन गर्दै आएको छ ।

"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

**इन्द्रसरोवर गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः २०८०/०१/१२)

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयको तपसिलको कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (मु.अ.कर समेत) रु. | कै. |
|---|---|---|---|---|---|
| १. | IRM/NCB/WS/01/079/080 | Khadbu Brihat Khanepani Yojana | Hyulsa Nirman Sewa, Kathmandu | ३२,०६,५८३.३३ | |
| २. | IRM/NCB/WS/02/079/080 | Kaprang Khanepani Yojana | Hyulsa Nirman Sewa, Kathmandu | १९,२३,६२३.२४ | |
| ३. | IRM/NCB/Building/02/079/080 | Construction of Panchakanya MA VI Truss | Shuva Prabhat Nirman Sewa, Hetauda, Makawanpur | २१,१३,४४०.९१ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# मनाइयो १७औं लोकतन्त्र दिवस

**काठमाडौं (प्रस)–** वि.सं. २०६३ वैशाख ११ गते नेपाली जनताले जनताबाट निर्वाचित संसद् प्राप्त गरेको १७ वर्ष पूरा भएको छ । यस अवसरमा सोमबार लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइएको छ ।

यस अवसरमा मानव अधिकार तथा शान्ति समाज काठमाडौं शाखाले जनताको अधिकार कहिल्यै कुण्ठित नहोस् भनी बौद्ध स्तुपमा दीप प्रज्वलन गरेको छ । कार्यक्रममा मानव अधिकारकर्मी, नागरिक समाजका सदस्य एवं विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

यस अवसरमा स्कुल अफ डेमोक्रेसीले पनि राजधानीमा सोमबार छलफल कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा उल्लेख्यरूपमा युवावर्गको सहभागिता रहेको थियो । कार्यक्रममा युवाले पटक-पटक परिवर्तनका लागि संघर्ष सफल भए पनि त्यसको स्थायित्वमा चुक्ने गरेकामा खबरदारी गरेका छन् ।

वि.सं. २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनःस्थापना गरे । जनताको विजय भएको खुसियालीमा २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

२०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृंखला चल्यो । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीनजनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गरे । २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा माओवादीबीच १२ बुँदे समझदारी भयो । २०६२ मंसिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो ।

नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । चक्रपथ मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत भए । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनःस्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गरे । यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो ।

### काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशितः २०८०/०१/१२ गते

जिल्ला डोटी बडिकेदार गा.पा. वडा ३ चायाकोटमा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन भएर उत्पादन भै बडिकेदार गा.पा. ३ सेलानेमा घाटगद्दी गरी राखिएको विभिन्न लटको सालको गोलिया २०५ थानको २७३८.०७ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री गौडेल सामुदायिक वन उपभोक्ता समूह**
बडिकेदार गा.पा. वडा नं.-३, चायाकोट, डोटी

### काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशितः २०८०/०१/१२ गते

जिल्ला डोटी बडिकेदार गा.पा. वडा ३ सम्मेनमा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन भएर उत्पादन भै बडिकेदार गा.पा.३ सेलानेमा घाटगद्दी गरी राखिएको विभिन्न लटको सालको गोलिया २०९ थानको २२३०.९० क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री सरक्षण सामुदायिक वन उपभोक्ता समूह**
बडिकेदार गा.पा. वडा नं.-३, सम्मेन, डोटी

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**

## Department of Water Resources and Irrigation
## Rupatal Conservation Integrated Development Project

**Pokhara, Kaski**

### Invitation for Electronic (Online) Bids

**(Date of publication: 2080- 01-12 (25th April, 2023)**

Rupatal Conservation Integrated Development Project(RCIDP), Kaski invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding: All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions, within the mentioned period.

| S. N. | Works Descriptions | Contract ID | Estimated Amount with Vat & Ps | Estimated Amount without Vat & Ps | Bid Doc. Fee (NRs) | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Damkakophant Lift Irrigation project, Baglung Na.Pa.-13, Payunpata, Baglung | RCIDP/NCB/Baglung Damkakophant/Works/01-079/080 | 1,97,92,735.84 | 1,75,15,695.43 | 3000.00 | 4,95,000.00 |
| | Pre Bid Meeting: 2080-02-03 B.S. (17 May 2023) 13:00 Hours at RCIDP Office, Kaski | | | | | |
| | Last date and time of Bid Submission: 2080-02-12 B.S. (26 May 2023) 12:00 Noon at RCIDP | | | | | |
| | Bid Opening date and time: 2080-02-12 B.S. (26 May 2023) 13:00 Hours at RCIDP | | | | | |

Information to deposit the cost of bidding document and Bid Security in Bank.

| For purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of Bank: Rastriya Banijya Bank Ltd., Prithvichowk, Pokhara Kaski | Name of Bank: Rastriya Banijya Bank Ltd. , Prithvichowk, Pokhara Kaski |
| Office Code: 308033901 | Office Code: 308033901 |
| Name of Office: Rupatal Conservation Integrated Development Project, Kaski | Name of Office: Rupatal Conservation Integrated Development Project, Kaski |
| Office Account No: Ka 11101 | Dharauti Account No: 3020100102030000 (District Treasury Office, Kaski) |
| Rajaswa (Revenue) Shirshak No: 14229 | |

Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the RCIDP, Kaski (Tel: 061-534140,Office Web site:www.rcidp.gov.np, E-mail address: rupatalsamrakchan@gmail.com)

**Project Chief**

# ‘विपद् जोखिमको सूचना प्रत्येक व्यक्तिसम्म पुग्ने संयन्त्र प्रभावकारी बनाऔं’




■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् जोखिमको सूचना प्रत्येक समुदाय र व्यक्तिसम्म पुग्ने संयन्त्रको विकास गर्नुपर्ने बताएका छन् । सोमबार यहाँ आयोजित ‘विपद् जोखिम व्यवस्थापन : नीतिगत व्यवस्थादेखि अभ्याससम्म’ विषयक कार्यशालामा उनले विपद् जोखिम न्यूनीकरणका साथै रोकथामका लागि आधुनिक सूचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिए ।

उनले भने, ‘विपद् व्यवस्थापन सूचना प्रणालीलाई थप सुदृढ गर्दै बहुप्रकोपीय पूर्वसूचना प्रणालीको विकास गरी जोखिमको सूचना प्रत्येक समुदाय र व्यक्तिसम्म पुग्ने संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक छ ।’ गृहमन्त्री श्रेष्ठले विपद् जोखिम व्यवस्थापनमा अन्तर तह र अन्तरनिकाय समन्वयलाई थप प्रभावकारी बनाउन निर्देशन दिए । उनले पुनःनिर्माण र पुनःस्थापनामा प्राधिकरणसँगै सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले जिम्मेवार भई समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने बताए ।

गृहमन्त्री श्रेष्ठले आगलागीका घटनामा अग्नि नियन्त्रण र वारुणयन्त्र व्यवस्थापनको कार्यमा स्थानीय तहलाई थप सहयोग गर्ने संयन्त्र निर्माणका लागि प्रतिबद्धता व्यक्त गरे । उनले स्थानीय तहलाई विपद् व्यवस्थापन कोषलाई राहतमा मात्र केन्द्रित नगरी दीर्घकालीन व्यवस्थापनमा जोड दिन सुझावसमेत दिए ।

कार्यशालामा ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले विपद् व्यवस्थापनका लागि प्रदेश र संघबीच समन्वय गर्न महानगर तयार भएको बताए । उनले भने, ‘संविधानको विपद् व्यवस्थापनसम्बन्धी अनुसूची ९ ले व्यवस्था गरेअनुसार संघ र प्रदेशसँग सहकार्यमा राष्ट्रियस्तरको ड्रिलको व्यवस्थापन गर्न ललितपुर महानगर तयार छ ।’

कार्यशालामा नेपालका लागि चीनका राजदूत छन् सोंले विपद् व्यवस्थापनका लागि चीनले गरेको अभ्यासबारे चर्चा गर्दै नेपाललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । ‘चीनमा विपद् व्यवस्थापनका लागि निकै राम्रा अभ्यासहरू भइरहेका छन् । हामीले विपद् जोखिम न्यूनीकरणसम्बन्धी पूर्वतयारी पर्याप्त मात्रामा गरेका छौं । अर्कातर्फ यससम्बन्धी जनचेतना अभिवृद्धि र विपद्को समयमा तत्काल उद्धार व्यवस्थापनका लागि तदारुकता बनाउन सोही अनुरूपको लगानीसमेत गरिन्छ,’ उनले भने, ‘नेपाललाई आवश्यकताअनुसार विपद् व्यवस्थापनका लागि उपकरण र अन्य सहयोग उपलब्ध गराउन चीन सरकार प्रतिबद्ध छ ।’

प्रा.डा. विशालनाथ उप्रेतीले भूकम्पको जोखिमबारे सचेत गराउँदै पूर्वतयारीका लागि सरोकारवालाको ध्यानाकर्षण गराए । ‘नेपालका पश्चिमसँगै पूर्वी र हिमाली क्षेत्र भूकम्पको उच्च जोखिममा छन्, जुनसुकै बेला पनि आठ म्याग्निच्युडको भूकम्प जान सक्छ । अहिलेदेखि नै पूर्वतयारीमा जुटिहाल्नेबाहेकको विकल्प नहुनसक्छ ।’

गृह मन्त्रालय, ललितपुर महानगरपालिका र राजनीतिशास्त्र अध्ययन संघसँगको सहकार्यमा संयुक्तरूपमा आयोजित कार्यशालामा सरकारी, गैरसरकारी संघसंस्था, विज्ञ, स्थानीय तह र सुरक्षा निकायको सहभागिता रहेको थियो ।

कार्यशालामा विपद्सम्बन्धी नीतिगत तथा कानुनी प्रावधान, यसको कार्यान्वयन र तीनै तहले गरिरहेको अभ्यासका विषयमा छलफल भएको थियो । विपद् तथा जलवायु परिवर्तनको असरका दृष्टिले नेपाल उच्च जोखिमयुक्त मुलुक मानिन्छ । नेपालमा भौगर्भिक अवस्थिति, मनसुन, जलवायु एवं वातावरणीय परिवर्तनलगायतका कारण वार्षिक औसत तीन हजारभन्दा बढी विपद्का घटना घट्ने गरेको विज्ञहरू बताउँछन् ।

# मुख्यमन्त्रीलाई बुझाइयो भाषासम्बन्धी प्रतिवेदन



**बागमती (प्रस)–** बागमती प्रदेशमा नेपाली भाषासँगै सरकारी कामकाजको भाषाका रूपमा तामाङ र नेवारी भाषा कार्यान्वयन गर्ने प्रतिवेदन मुख्यमन्त्रीसमक्ष बुझाइएको छ । तामाङ र नेवारी भाषालाई सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न बनेको तयारी समितिले प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकटेलसमक्ष प्रतिवेदन बुझाएको हो ।

मुख्यमन्त्री कार्यालयमा समितिका संयोजक एवं सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सोमबार एक कार्यक्रमबीच सो प्रतिवेदन बुझाएको हो । सो अवसरमा मुख्यमन्त्री जम्मकटेलले तामाङ र नेवारी भाषालाई सरकारी कामकाजका रूपमा प्रयोग गर्न ऐन निर्माणको प्रक्रिया अगाडि बढाइएको तथा यही आउँदो वर्षे अधिवेशनमा यस सम्बन्धित विधेयक पेस हुनेगरी काम अगाडि बढाइएको जानकारी दिए ।

साथै, उनले बहुसंख्यक तामाङ र नेवारी भाषा समुदायको बसोबास रहेको बागमती प्रदेशमा आमनागरिकलाई सरकारी कामकाजमा थप सहयोग पुग्ने उद्देश्यले आवश्यक कार्य अगाडि बढाइएको बताए ।

प्रस्तुत प्रतिवेदनमा बागमती प्रदेशमा यो ऐन लागू भएमा सेवाग्राहीले आफूले चाहेमा सरकारी कामकाजको भाषाका रूपमा तामाङ र नेवारी भाषाको लिखित एवं मौखिकरूपमा प्रयोग गर्न सकिने उल्लेख गरिएको छ ।

उक्त ऐन कार्यान्वयन भएको तीन महिनाभित्र प्रदेशभित्रको भाषा संरक्षण, सम्वर्द्धन, विकास र अध्ययन अनुसन्धानका लागि राष्ट्रभाषा विकास प्रतिष्ठान स्थापना गर्न प्रस्तावमा उल्लेख गरिएको छ । बागमती प्रदेशमा विभिन्न जातजातिका १०४ भाषा बोल्ने बताइएको छ ।


## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAZA GENERAL MAINTENANCE
पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT No.277332 | चलानी नं.६०१९२८९६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Steel Fabricator | 5 | 0 | 1100 | ३९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 269821 | चलानी नं. ६०१८५६९४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Pipe Compositor | 27 | 0 | 1500 | ५२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-QURAYYAT MILES CAR RENTAL EST.
पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 284630 | चलानी नं. ६०१९९९८४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Vehicle Cleaning Labour | 11 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAUAH JASSIM AL AASHOUR CARPENTRY WORKSHOP
पुर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT No.284256 | चलानी नं. ६०१९९८१४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASHREQEEN CORPORATION SERVICES FOR GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 283401 | चलानी नं. ६०१९८८५१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Vehicle Driver | 2 | 0 | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MASHREQEEN TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६३,२७० | | | | | | | |

कम्पनी : YASSER ABDULLAH A-JUHANI TRANSPORT EST
पूर्व स्वीकृति मिति : २०७९/१२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 283165 | चलानी नं. ६०१९८५२१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASSQ INTERNATIONAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 283037 | चलानी नं. ६०१९८४२६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | KITCHEN WORKER | 25 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 282447 | चलानी नं. ६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Unique Occupation Worker (Labour) | 4 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALID YAHYA MOHAMMAD ASEERI AGRICULTURAL FARM
पूर्व स्वीकृति मिति २०७९/११/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 281832 | चलानी नं. ६०१९७३०२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Agricultural Labour | 1 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEH SALMAN SALEH AL AABID AGRICULTURAL FARM
पूर्व स्वीकृति मिति २०७९/११/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 281727 | चलानी नं. ६०१९६९५४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Nursery Worker | 1 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SANA AL AWAEL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 281086 | चलानी नं. ६०१९६५८१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Drill Labour | 8 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON
पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 280733 | चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Office And Facilities Cleaning Worker | 75 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०१/०६ मा दर्ता भएको **प्रा.लि. नं. १३४८२१** को **पूर्ण बहादुर सन मायाँ खपाङेगी मेमोरियल हेल्थ केयर सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१)(क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नाम परिवर्तन भएको सूचना**

यस सुदर्शन आई केयर एण्ड नर्सिङ्ग होम प्रा. लि.को मिति २०७८/१२/१४ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको नाम सुदर्शन आई हस्पिटल प्रा. लि. (प्रा.लि.नं. १३२७३१/०७१/०७२) कायम गरिएको व्योहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यलयको मिति २०७८/१२/२२ को पत्र बमोजिम जानकारी गराएकोले अब उप्रान्त यस **सुदर्शन आई हस्पिटल प्रा. लि.** बाट व्यवसायिक काम कारोवारहरु सुचारु हुने व्यहोरा जो कोहीको जानकारीको लागि यसै सूचना मार्फत अवगत गराउँछौ ।



**काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशितः २०८०/०१/१२ गते

जिल्ला डोटी बडिकेदार गा.पा. वडा ३ सिन्दुरेपानीमा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन भएर उत्पादन भै बडिकेदार गा.पा. ३ सेलानेमा घाटगद्दी गरी राखिएको विभिन्न लटको सालको गोलिया १३९ थानको १९४४.९५ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री उज्यालो सामुदायिक बन उपभोक्ता समूह**
बडिकेदार गा.पा. वडा नं.-३, सिन्दुरेपानी, डोटी



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मितिः २०८०/०१/१२ गते)

चन्चले कामीको नाति, धन सिँह कामीको छोरा, बाँके जिल्ला, बैजनाथ गाँउपालिका वडा नं ०१, चिसापानी, बस्ने श्री कर्ण सिँह कामीको मिति २०७९/१०/०६ गतेमा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. १४४०१४७६३३३०००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको पत्नी सिला कामीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नुभहुन यो सुचना प्रकाशित गरिएको छ । स्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय चिसापानी, फोन नं. ०८१-४०१०५०**



**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल सङ्खुवासभा**
**खाँदबारी, कोशी प्रदेश नेपाल**

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१२ गते**

जिल्ला अस्पताल सङखुवासभामा आ.व. २०७९/८० को लागि आवश्यक पर्ने निम्न उपकरण खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क३) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को (१) वमोजिम सिलबन्दी दरभाउपत्र आव्हानका लागि प्रचलित ऐन वमोजिम योग्यता पुगेका ईच्छुक सम्बन्धित उपकरण उत्पादक वा विक्रेताहरूको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा रु १,०००/- को दरभाउपत्र फारम खरिद गरी सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | खरिद गर्नुपर्ने सामानको नाम | स्पेसिफिकेशन | लागत अनुमान रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 05/079/80 | Machine Equipments. | तोकिए वमोजिम | 20,00,000/- Inclusive all taxes applicable in Nepal. | ५०,०००/- | आवश्यक जानकारीका लागि फोन नं. ०२९-५६२१८७ |
| 06/079/80 | Washer Extractor for Laundry. | तोकिए वमोजिम | 20,00,000/- Inclusive all taxes applicable in Nepal. | ५०,०००/- | |

**निमित्त मेडिकल सुपरिटेण्डेन्ट**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पुराना दललाई सबक

उपनिर्वाचनमा दस दस दल मिल्दा पनि साना दलले आच्छुआच्छु पार्दैछ । त्यो पनि नयाँ दलका नयाँ उम्मेदवारबाटै । तनहुँ १ मा सबैभन्दा ठूलो दल मानिएको नेपाली कांग्रेसका उम्मेदवारलाई दस दलको साथ थियो । तर सत्ता गठबन्धनै लाग्दा पनि अस्तित्व जोगाउन सकेन कांग्रेसले ।

सत्तारुढ दल तनहुँमा टाउको टेकेर लागेको थियो नतिजा आफ्नो पोल्टामा पार्न । तर दिलोज्यान लगाउँदा पनि नतिजा आफ्नो पक्षमा आएन । कांग्रेसका लागि यो ठूलो चोट हो । यसबाट नेताहरूले पाठ सिक्नुपर्ने हो तर शीर्ष नेताहरूको बानी चाँहि पहिलेकै छ – मेरो गोरुको बाह्रै टक्क ।

यता चितवन २ को हालत उस्तै छ । संसद्मा दोस्रो ठूलो दलको हैसियतमा 'ग्रास रुट' अभियान चलाएर आफूलाई बलियो देखाएको एमालेको हविगतको के कुरा गर्नु ? सरकारको लगाम समातेको माओवादीले कहीकतै आफ्नो उम्मेदवार खडै गरेन । लुरुक्क कांग्रेस सभापतिको पछिपछि लागेर मन्त्रीको ललीपप बाँड्न भ्याए प्रधानमन्त्री पुष्पकमल दाहालले ।

यी तीन दलका नेतृत्व तहमा देखिएको समस्या भनेको कार्यकर्ताको कुरै नसुन्ने प्रवृत्ति हो । विकास गर्नुपर्छ भन्ने सुद्धि तिनमा छैन । जनतालाई खुसी पार्नुपर्ने कार्यक्रम तिनको योजनामा छैन । त्यसैले अमुक उम्मेदवारलाई मन्त्री बाकस दिने राणासाहेबको शैली अहिलेको शासकमा पुस्तान्तरण भएको छ । जसले गर्दा जनता चुरचुर भए र मत दिने बेला हात साविक देखिरहेको चिह्नभन्दा अर्कैमा गयो ।

तीनै दलमा नेतृत्वको जाम त छ नै सही मान्छेलाई सही व्यवस्थापन गर्न नसक्नु नेतृत्वको कमजोरी हो । विकासका वाचा गर्ने तर सुधारका सिन्को नभाँच्ने परम्परागत नेताको पुरानै बानी । पहिले पो विकल्प थिएन । यसपटक घन्टी चुनाव चिह्न विकल्प बनेको छ । जुन चिह्न अरु दलबाट सँगालेको धोकाको बदला पोख्ने ठाउँ बनेको छ ।

'अच्छु खाए, बच्छु खाए, झुसे बारुलो' भनेर दिनदहाडै आफू जित्छु भन्दै छाती ठोक्ने नेताहरू अहिले लुरुक्क परेर अब के भन्ने हुन् जनताले भन्दै कुना पसेका छन् । लोकतन्त्र दिवसका दिन आफूलाई लोकतन्त्रको मसिहा ठान्नेहरू लोकका सामू लाज पचाएर शुभकामना आदानप्रदान गर्दै गरेको पनि देखियो । उपनिर्वाचन सत्ताको झिनाझम्टीमा लाग्ने नेतालाई जनताले सबक सिकाउन खोजेको 'ट्रेलर' हो । अब पनि नसच्चिए सक्किने मेलोमेसोतर्फ लाग्दा नै वेश !

# लोकतन्त्रको विकल्प निरन्तर लोकतान्त्रीकरण



▶▶ धर्मेन्द्र झा

> कुनै दुई मत छैन, विश्वकै उत्कृष्ट शासन व्यवस्था हो, यसमा शंका छैन तर लोकतन्त्र कहिल्यै पनि स्वयंमा पूर्णशासन प्रणाली होइन, यसमा पनि शंका हुन सक्दैन । सत्य त के हो भने लोकतन्त्र मात्र यस्तो शासन प्रणाली हो, जसले स्वयंमा उत्कृष्टताहरु थप्न र सर्वोत्कृष्ट बनाउन आवश्यक संयन्त्र, अवयव र सिद्धान्तहरूको उपस्थिति तथा संलग्नतालाई स्वीकार गर्छ । अन्तरव्यवस्थापिका परिषद्ले यस विषयमा चासो राख्ने गरेको छ र लोकतन्त्रलाई जनताको जिम्मेवार शासन प्रणालीका रुपमा विकसित गर्ने प्रयत्न थालेको छ ।

नेपाली लोकतन्त्रले सोमबार १७ वर्ष पूरा गरेको छ । दोस्रो जनआन्दोलनका रूपमा चर्चित २०६२/६३ को राजनीतिक आन्दोलन सफल भएको उक्त दिन अर्थात् वैशाख ११ को दिनलाई स्मरण गर्दै यो दिवस मनाउने गरिन्छ । वि.सं. २०६२/६३ को आन्दोलनपछि उक्त दिन तत्कालीन राज्यसत्ता आन्दोलनकारी शक्तिसँग सम्झौता गर्न बाध्य भएको थियो । वि.सं. २०६३ वैशाख ११ का राति राजतन्त्रले संसद् पुनःस्थापनाको घोषणा गरी आफ्नो आयु अन्त्यको दिन गणना प्रारम्भ गरेको थियो ।

निश्चय पनि यस दिन नेपाल र नेपालीका लागि विशेष छ । थुप्रै सहिदको शहादतपछि स्थापित यो दिनको भावनात्मक महत्त्व हाम्रा लागि निश्चय पनि स्मरणयोग्य छ । यस दिनपछि मात्र नेपालीले स्वयंलाई देशको सम्प्रभू नागरिकका रूपमा स्थापित र परिभाषित गर्ने अवसर प्राप्त गर्न सकेका हुन् । रैतीबाट जनता-नागरिक बनेका हुन् । दोस्रो जनआन्दोलनको सर्वाधिक महत्त्वपूर्ण उपलब्धि नै देशमा लोकतन्त्र स्थापित हुनु हो ।

विगतमा २४० वर्षभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको राजतन्त्रको अन्त्यको जग यसै दिनले बसाएको हो । सोही दिनको जगमा टेकेर नेपालमा गणतन्त्र स्थापना भएको हो भन्दा असत्य ठहर्दैन । एउटा व्यक्ति र परिवारबाट देशको शासनसत्ता जनतामा आउने कुराको सुनिश्चितता यही दिनले गरेको हो । यस अर्थमा यस दिन नेपालीका लागि निकै विशेष छ । त्यसो त २०६२/६३ को आन्दोलनको विरोध र आलोचना गर्नेहरूको पनि कमी छैन । तर, तिनले पनि के बुझ्नुपर्छ भने विरोध र आलोचना गर्न अधिकार पनि तिनलाई यही लोकतन्त्रले दिएको हो । लोकतन्त्रको सर्वाधिक महत्त्वपूर्ण पक्ष नै यही हो कि यसले आफूविरुद्ध पनि विचार अभिव्यक्त गर्ने स्वतन्त्रता आम व्यक्तिलाई प्रदान गर्दछ, जुन कुरा हिजोको राजतन्त्रमा सम्भव थिएन । लोकतन्त्रको मूल ध्येय नै आम व्यक्तिलाई अधिकारसम्पन्न बनाउँदै देशमा सकारात्मक परिवर्तन ल्याउनु हो ।

लोकतन्त्र दिवसका बारेमा चर्चा गरिरहँदा सर्वप्रथम लोकतन्त्रको अर्थ र परिभाषाकै सन्दर्भमा कुरा गरेर नेपाली लोकतन्त्रको विश्लेषण गर्नु जरुरी हुन्छ । प्रसिद्ध दार्शनिक एरिस्टोटल (अरस्तु)ले लोकतन्त्रलाई परिभाषित गर्ने सन्दर्भमा लोकतन्त्रमा धनीभन्दा गरिबहरू बढी शक्तिशाली हुन्छन् किनकि समाजमा गरिबहरूको वर्चस्व हुन्छ भनेर भनेका छन् ।

अर्का प्रसिद्ध विचारक एवं अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनको, जनताद्वारा जनताका लागि जनतामार्फत गरिने शासन व्यवस्था नै वास्तविक लोकतन्त्र हो, भन्ने भनाइबाट आजको युगमा कोही पनि अनभिज्ञ छैनन् । लोकतन्त्रका बारेमा थोरै पनि जानकारी राख्ने जो कोहीले पनि लिंकनको यो भनाइका बारेमा थाहा पाएका छन् ।

यस शताब्दीका महान विचारक नोबेल पुरस्कार विजेता अमर्त्य सेनले लोककल्याणकारी राज्य र सरकारका सन्दर्भमा लोकतन्त्रको महत्त्व प्रस्टचाउँदै भनेका छन्- समकालीन समाजमा लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गरेको सरकारले मात्र जनताका आधारभूत आवश्यकता र चाहनालाई सम्बोधन गर्ने सामर्थ्य राख्दछन् ।

अर्का विचारक समाजशास्त्री जेम्स माहोनीले व्यक्त गरेको विचार पनि निकै महत्त्वपूर्ण छ । उनको विचार मननीयमात्र छैन, विश्लेषण गर्ने हो भने उनको विचारले लोकतान्त्रिक शासन व्यवस्थाको परीक्षण गर्ने कसी पनि होभन्दा अस्वाभाविक हुँदैन । उनको शब्दमा- लोकतन्त्रले सहभागितामूलक शासन व्यवस्थामा विश्वास गर्दछ, पारदर्शिताको वकालत गर्दछ र उत्तरदायित्वलाई सधैंभरि आत्मसात् गर्दछ । उनको विचारको विश्लेषण गर्ने हो भने लोकतन्त्रका सन्दर्भमा आजको शासन सहभागितामूलक, पारदर्शी र उत्तरदायी हुनुपर्छ भन्ने कुरा स्पष्टरूपमा बुझ्न सकिन्छ । बुझ्नुपर्छ ।

पछिल्लो पुस्ताको लोकतन्त्रको कुरा गर्ने हो भने लोकतन्त्र प्रतिनिधिमूलक होइन सहभागितामूलक हुनु जरुरी छ । लोकतन्त्रका सञ्चालकहरूको ध्यान यसतर्फ जतिसक्दो छिटो आकर्षित हुनु आवश्यक छ ।

माथि उल्लिखित विभिन्न विचारहरूको आलोकमा विश्लेषणको प्रयत्न गर्ने हो भने नेपाली लोकतन्त्रको विद्यमान अवस्थाबाट पूर्णतः सन्तुष्ट हुन सकिने अवस्था छैन । माथिका सबै विचारले नागरिक र जनतालाई केन्द्रमा राखेको छ । तर, नेपाली लोकतन्त्रको अवस्थाको मूल्यांकन गर्ने हो भने यहाँ जनतालाई केन्द्रमा राख्ने कुरामा अझै केही समस्या छन् ।

लोकतन्त्र दिवसको सन्दर्भमा एउटा कुरा स्वीकार्नै पर्छ, नेपाली लोकतन्त्र अझै पनि सुदृढ र संस्थागत हुने दिशामा अनेकौं चुनौती र समस्या विद्यमान छन् । लोकतन्त्र धेरै हदसम्म जनतालाई आवश्यक सेवा प्रदान गर्ने सेवा प्रदायक संयन्त्र हो । तर, दुःखका साथ भन्नुपर्ने हुन्छ नेपाली लोकतन्त्रले आफूमा यो चरित्रको समुचित विकास अझै पनि गर्न सकेको छैन । विभिन्न नाममा हुने अनियमितता र भ्रष्टाचार नेपाली लोकतन्त्रका प्रमुख चुनौती बनेका छन् । यसैगरी नातावाद र कृपावाद अर्काथरि धमिरा बनेका छन् । जबकि, यी विसंगतिहरूको लोकतन्त्रसँग कुनै साइनो हुँदैन ।

यस्तै विसंगतिहरूबाट समाजलाई मुक्त पारी जनतालाई आवश्यक सेवा सहजरूपमा प्रदान गर्ने प्रक्रियालाई चुस्त बनाउनु लोकतन्त्रको महत्त्वपूर्ण गुण हो । आज झस्केलाबाट लोकतन्त्र विरोधीहरूले लोकतन्त्र नै अफाप भयो भन्ने प्रचार गर्ने अवसर पाएका छन् र यसमा कुनै शंका छैन उनीहरूलाई यो अवसर नेपाली लोकतन्त्रका सञ्चालकहरूले नै प्रदान गरेका हुन् । लोकतन्त्रका पक्षपातीहरू यी विषयमा गम्भीर हुन नसक्दा अधिनायक र एकाधिकारवादीहरूका लागि यो स्थिति अनुकूल हुने खतरा बढेको कुरालाई अस्वीकार गर्न सकिँदैन । कम्तीमा अहिले सरकारको नेतृत्वमा रहेकाहरूका लागि यी कुरा सोचनीय छन्, हुनुपर्दछ ।

लोकतन्त्रका सन्दर्भमा देखिएका र देखिने यी समस्या नेपालको मात्र नहुन सक्छ । कुनै न कुनै रूपमा विश्वमै यसबारे बहस चलिरहेका छन् । पछिल्ला दिनहरूमा विश्वमा लोकप्रियतावादको अवधारणाले स्थान बनाउन खोजेको पाइन्छ । आम व्यक्ति सिद्धान्त र व्यवहारभन्दा पनि यदाकदा लोकप्रियताको चास्नीमा फस्न पुग्छन् । यस्तो लोकप्रियताले व्यक्तिपूजनको अवस्थाको सिर्जना गर्दछ र यस्तो अवस्थाले कालान्तरमा लोकतन्त्र नै संकटमा पर्न सक्ने सम्भावना निम्त्याउन सक्छ ।

कुनै दुई मत छैन, विश्वकै उत्कृष्ट शासन व्यवस्था हो, यसमा शंका छैन तर लोकतन्त्र कहिल्यै पनि स्वयंमा पूर्णशासन प्रणाली होइन, यसमा पनि शंका हुन सक्दैन । सत्य त के हो भने लोकतन्त्र मात्र यस्तो शासन प्रणाली हो, जसले स्वयंमा उत्कृष्टताहरू थप्न र सर्वोत्कृष्ट बनाउन आवश्यक संयन्त्र, अवयव र सिद्धान्तहरूको उपस्थिति तथा संलग्नतालाई स्वीकार गर्छ । अन्तरव्यवस्थापिका परिषद्ले यस विषयमा चासो राख्ने गरेको छ र लोकतन्त्रलाई जनताको जिम्मेवार शासन प्रणालीका रूपमा विकसित गर्ने प्रयत्न थालेको छ ।

लोकतन्त्रको विकल्प भनेको निरन्तर लोकतान्त्रीकरण मात्र हो । लोकतन्त्रका मूल्य पद्धतिमा परिस्कृत गर्दै मानव चाहनाको उच्चतम् सम्बोधनमार्फत प्रणालीगत सुधारमा चिन्तन-प्रवाह जारी छ । लोकतन्त्रले सामाजिक जीवनमा पारेको अद्भूत प्रभावलाई आज विश्वव्यापीरूपमा स्वीकार गरिएको छ । नेपालमा लोकतन्त्र र यसपछि गणतन्त्रको स्थापना भएको छ र विकसित भइरहेको छ । नागरिक साँच्चै सम्प्रभु सम्पन्न भएका छन् र वैयक्तिक विकासको मार्गमा होमिएका छन् । नागरिकले विगतदेखि वर्तमानसम्मको अनुभवको आधारमा लोकतान्त्रिक शासनलाई उत्कृष्ट ठहर्‍याएका छन् । मूल कुरा हो जनताको जीवनस्तरमा सुधार । जनतालाई विश्वास छ, लोकतन्त्रले उनीहरूको आशालाई साकार रूप प्रदान गर्नेछ । कम्तीमा लोकतन्त्रका पक्षपातीबाट यस दिशामा सामूहिक प्रयत्न आवश्यक छ ।

लोकतन्त्र दिवस मनाइरहँदा योसँग जोडिएर थुप्रै विषय हाम्रासामु उपस्थित छन् । मूल विषय जनताले अनुभूत गर्ने उपलब्धि र राजनीतिक प्रणालीको संस्थागत विकासको कुरा हो । आमनेपाली जनताको ठूलो संघर्षपछि प्राप्त लोकतन्त्रको विद्यमान अवस्था र चित्रका सन्दर्भमा हामीले गम्भीर वस्तुगत विश्लेषण गर्नु आवश्यक छ ।

*(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुन् ।)*






▶▶ वैकुण्ठ भण्डारी

# गाउँमा को छ ? कोही छैन ! अब सहरमा पनि हुने छैन !

*'बोल्ने कोही छैन, गाउँमा बोल्ने छैन पाहुना आउँदा, घरको ढोका खोल्ने कोही छैन'*

कवि अर्जुन पराजुलीका शब्दमा शिशिर योगीले मर्मस्पर्शी ढंगले गाएको गीत सुनेर मुग्लाङ भासिएको 'अ'नागरिक मटचाङ्ग्रोको आँखाभरि आँशु भरिएको छ । देशमा लोकतन्त्र ल्याउनका लागि सडक संघर्षमा उत्रिएको मटचाङ्ग्रोले २०६२ वैशाख ११ गते लोकतन्त्र स्थापना गरिरहँदा निकै नै उत्साहित थियो । अब त मज्जाले युवाहरूले देशमै काम पाइन्छ । तानाशाह, चाकडी, चाप्लुसीले धोका खाने छ, कर्मशील, इमान्दारको दिन लोकतन्त्रले फिराउने छ भन्ने थियो ।

तर, उसको सपनाले नै धोका खायो । आँखामा आँसु टिलपिलाउँदै मुग्लाङमा भेँडा चराउँदै गरेको मटचाङ्ग्रो जब वैशाख ११ आउँछ तब आफ्नो गाउँ सम्झन्छ । राजनीतिक परिवर्तन गर्दै जनताको मुहार फेर्न हिँडेको फूर्ति गर्ने मटचाङ्ग्रो आफ्नै हालत देखेर दुःखी भएको छ ।

अहिले मटचाङ्ग्रो समुद्रपारी बालुवाको रापमा आँशु चुहाउँदै गाउँ सम्झिएको छ । लोकतन्त्र गणतन्त्रलाई स्मरण गर्दै छ । भव्यरूपमा लोकतन्त्र दिवस मनाए होलान् भन्ने आशामा पनि छ । तर, सत्तामा बस्नेहरूले लोकतन्त्र दिवस मनाउन पनि निकै कन्जुस्याइँ गरेका छन् । दिवस मनाउने भनेको सार्वजनिक बिदा दिनु होइन । दिवसलाई स्मरण गर्न सक्थे तर त्यो पनि भएन ।

आधुनिक प्रविधिको प्रयोग गर्दै सामाजिक सञ्जाल नियाल्दै गरेको मटचाङ्ग्रोले कहीँ कतै पनि लोकतन्त्रको कुरा देखेन । बरु केही बज्रस्वाँठहरूको हावादारी गफले सहर चर्काइरहेको भिडियो भाइरल बनिरहेको देख्यो । आफैंले आफैंलाई धिक्कार्दै थियो । पार्टी, राजनीति, देश परिवर्तन त केवल सपनामात्र रहेछ । गाउँ छाडेर सहर छिरेको छोरो, सहरबाट पनि पलायन भएर 'अ'नागरिक बनिरहेको छ ।

प्रजातन्त्र प्राप्त गरेको ७० को दशकसम्म पनि नागरिकको मुहारमा उज्यालो छैन । खुसी छैनन् नेपाली जनता । लाखौं मटचाङ्ग्रोहरू समुद्रपारि निर्यात भइरहेका छन् । गाउँ रित्तिएको छ । भएका बूढापाकाहरूसँग पनि बोल्ने मान्छे छैन । छोराहरू खाडी भासिए, छोरीबुहारी 'नर्सिङ' कि 'तर्सिङ' भन्दै अस्ट्रेलिया, इजरायललगायत मान्छे स्यहार्न लम्किए । कति त गाउँको उजाडलाई हेर्न नसकेर सहरमा रेमिटच्यान्सले छोराछोरी पढाउने भन्दै उतै बन्द कोठामा मस्त देखिए ।

तर, गाउँ गाउँ नै छ । हराभरा खेती हुने, लटरम्म फलफूल झुल्ने डाँडापाखा उजाड देखिए । तीन तहको सरकार छ भन्थे, खै कहाँ छ ? कसैले देखेन । बरु त्यही सामाजिक सञ्जालमा सहरमा भएका अभद्र कुराहरू मात्र देखिए । परिवारको विखण्डन । सामाजिक मूल्य र मान्यतामाथि खै के-के बज्रिए ।

गाउँबाट सहर अनि सहरबाट समुद्रपारि । देशमा बस्छु भन्ने नै कोही छैन । जनताको सेवा गर्छु भन्दै राजनीतिमा हामफालेकाहरू त्यसलाई नै व्यापार बनाइदिए । राजनीतिविना लगानीको व्यापार बन्यो । त्यसैले पनि गाउँको विकास हुन सक्दै सकेन । सत्तरी वर्षको प्रजातन्त्रमा जनताको नफेरिएको मुहार अहिले फेरिने त कुरै छैन । १८ वर्षे लक्का जवान भएका छोराछोरी १२ कक्षा सकिन नपाउँदै विदेश चिहाइरहेका छन् । बाबुआमा भने सारा सम्पत्ति बेचेर उतै पठाइरहेका छन् । आँखामा आँशु लिएर मन्द मुस्कान देखाएर छोराछोरी विदेश पलायन गरिरहेका छन् ।

त्यही भएरै होला आजकल गाउँमा कोही भेटिँदैन । भेटिएकाले पनि कसैलाई चिन्दै चिन्दैन । सायद मटचाङ्ग्रो अब गाउँ फर्कंदा उसले आफ्नो गाउँ पाउने छैन । गाउँ त खण्डहर बनाइदिइसके । सत्ताको स्वाद लिन पल्केकाहरूले गाउँलाई ध्वस्त बनाइदिइसके । सायद पुर्खाले जसरी सुम्पेका थिए त्यो सुम्पने मान्छे पनि छैन । हराउँदै गएको मनमा विदेशी इसारामा राजनीति गर्नेहरूकै कारण आज प्रत्येक घर रित्तो भएको छ । छानो भत्किएको छ । खेतबारी बाँझो छ भनी भकारी रित्तिएर अन्तैबाट अन्न ल्याउनुपरेको छ, भीख मागेर ।

२००७ सालको परिवर्तनका लागि लडेका मटचाङ्ग्रोहरूले के-के गुमाए के-के पाए थाहा छैन । तर, १७ वर्षअघि लोकतन्त्र ल्याउनेहरूले भने धेरै पाए । मात्र आफ्ना युवा पुस्ता गुमाए । अस्तित्व गुमाए अनि विचार, सिद्धान्तलाई बलि चढाए । सायद १७ वर्षे लोकतन्त्रलाई बिर्सिएका कांग्रेस, एमाले र माओवादीहरूले अर्को १७ वर्षपछि आफ्नो इतिहास नै गुमाइसक्ने छन् । विदेशीको गुलाम गर्न खेदेका युवा पुस्ताकै कारण यिनीहरू खेदिने छन् । अहिले सत्तामात्र सम्झिरहेकाहरूलाई यो देशले नै भुलिदिने छ ।

यहाँ छ फिरंगीहरूले राज गर्ने छन् । जसरी देशको नीति बनाउने राजनीतिमा २००७ सालमा प्रजा परिषद्ले योगदान गरेको थियो र बिर्सियो देशलाई । त्यस्तै हविगतमा एमाले, कांग्रेस, माओवादी पुग्ने छन् । युवा पुस्ताबाट खेदिन सुरु गरेका देश बिगार्ने ठेकेदारहरूलाई राजनीतिक विचौलियाले नै ठेगान लगाउने छन् । लगाइरहने छन् ।

अहिले नै हेर्ने हो र लोकतन्त्र दिवस अनि उपनिर्वाचनलाई मूल्यांकन गर्ने पुराना पुस्तालाई स्वीकार गर्न तत्पर छैन नयाँ पुस्ता । नयाँ पुस्ताको भावनामाथि खेलवाड गरिरहेका र चल्दै जान्छ भन्ने भिखारी सोच लिएकाहरूले आफ्ना सन्तानहरूका लागि त गरे निकै गरे होलान् तर जनता र देशलाई पनि पाइला पाइलामा धोका दिइरहेका छन् ।

उनीहरू सोचिरहेका छन् हामीले त धोका दिएकै हो । आफ्नो स्वार्थ पूरा गरेकै हो । त्यो धोका र स्वार्थले मुटु चुँडिरहेको यिनलाई पत्तै छैन ।

अहिले जसरी गाउँमा कोही भेटिँदैन, त्यसैगरी विस्तारै सदरमुकाम र सहरमा पनि नेपाली युवा भेटिन मुस्किल पर्नेछ । यहाँ तिनै ठेकेदारले बाँडेका नागरिकताधारीहरूले नै रजगज गर्ने छन् । अनि सहर कसैको गुलाम बन्नेछ । त्यसबेला न त कांग्रेससँग शक्तिशाली कार्यकर्ता हुनेछ न त एमाले वा माओवादीसँग नै । विगतमा जसरी एउटा वाद र विचार बोकेर राष्ट्रियता र देशको मुहार परिवर्तन गर्न खोज्ने युवा पुस्ता राज्यले गुमाइसकेको हुनेछ ।

मटचाङ्ग्रोहरू 'अ'नागरिककै रूपमा भए पनि त्यही समुद्रपारि बसेर गाउँमा ताल्चा मारिएको घर, बुढा बा आमा सम्झने र अहिलेका दलहरूलाई लोकतन्त्रकै नामम धिक्कार्नेबाहेक केही गर्न सक्ने छैनन् । त्यसैले मटचाङ्ग्राहरूको आँखामा आँशु होइन हाँसो र खुसी ल्याउन राज्य चलाउनेहरूले ध्यान दिऊन् ।

## मननयोग्य

### चाणक्य नीति

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आधीझैं बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो । क्रमशः



**मतगणना** | तनहुँको क्षेत्र नम्बर १ मा आइतबार सम्पन्न उपनिर्वाचनको सोमबार जिल्ला समन्वय समितिको भवनमा मतगणना गरिँदै । *तस्बिरः पूर्ण विके/रासस*

## रसुवा अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम

**रसुवा–** जिल्ला अस्पताल रसुवाले आइतबारदेखि स्वास्थ्य बिमाको काम अघि बढाएको छ । सबै नागरिकलाई स्वास्थ्य बिमा गराई उपचार प्रभावकारी बनाउने उद्देश्यले अस्पतालले बिमासम्बन्धी काम अघि बढाएको हो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले स्वास्थ्य बिमा कार्यान्वयनको थालनी गरे । बिमासम्बन्धी काम गर्न छुट्टै कार्यालय स्थापना भइसकेको छ । बिमाले यथेष्ठ उपचार सेवा प्रदान गर्ने भएकाले सबैलाई यस कार्यक्रममा सहभागी हुन अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अमितकुमार शाहले आग्रह गरे ।

एउटा घरका पाँच जनासम्म परिवारका लागि एकमुष्ठ तीन हजार ५०० रूपैयाँ प्रिमियम बुझाएर बिमा गर्न सकिन्छ । एक वर्षसम्म बहाल रहने बिमा कार्डले एक लाख रूपैयाँसम्मको औषधिसहित सबै प्रकारका उपचार एवं परीक्षण गर्न सकिन्छ ।

स्वास्थ्य बिमाको कार्ड प्राप्त गरेका तर स्थानीय अस्पतालमा उपचार हुन नसकेका नागरिकलाई थप उपचार गराउन काठमाडौंको सरकारी अस्पतालमा पनि बिमाले सहयोग गर्नेछ । जिल्लाका पाँच गाउँपालिकामध्ये कालिका गाउँपालिका धैबुङले सम्पूर्ण वडावासीलाई गत फागुनदेखि नै लागू हुनेगरी स्वास्थ्य बिमा गराई रकम भुक्तानीसमेत गरेको छ । *रासस*

## स्वास्थ्य ...

पृष्ठ १ बाट जारी

लागि नवीकरण गर्नेमा सबैभन्दा बढी उपत्यकामा रहेका स्वास्थ्य संस्था छन् । उपत्यकाबाट १७४ वटा स्वास्थ्य संस्था नवीकरणको सूचीमा परेको मन्त्रालयले प्रकाशन गरेको विवरणमा देखिन्छ । यसबाहेक सुनसरी, झापा, चितवन, नेपालगञ्ज, धनुषा, दाङमा रहेका स्वास्थ्य संस्था नवीकरणको सूचीमा परेका छन् । वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम वैदेशिक रोजगारीमा जाने श्रमिकले सरकारले तोकेका स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । सोहीअनुरूप स्वास्थ्य परीक्षण गर्न इजाजतपत्र लिएका स्वास्थ्य संस्थाहरूले हरेक वर्ष नवीकरण गर्दै आएका छन् ।

# राष्ट्रिय सूचना केन्द्रको काम अगाडि बढाउन माग

**रूपन्देही–** बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालाई भेटेर बुटवलमा निर्माण गर्ने भनिएको राष्ट्रिय सूचना केन्द्रको कामलाई अगाडि बढाउन अनुरोध गरेका छन् ।

बुटवल-१२ मा निर्माण गर्ने भनिएको राष्ट्रिय सूचना केन्द्रको काम अगाडि बढाउनका लागि बुटवल उपमहानगरपालिकाका तर्फबाट सबै प्रक्रिया पूरा भइसकेको बताउँदै उनले आवश्यक सहजीकरणका लागि मन्त्री शर्मासँग आग्रह गरे । उनले सञ्चार मन्त्रालयबाट स्थानीय सरकारलाई सूचना र सञ्चारका क्षेत्रमा सक्षम बनाउने गरी कार्यक्रम ल्याउन सुझाव दिए । उपमहानगर प्रमुख पाण्डेयले स्थानीय सरकारले साधन स्रोतको सीमितताका कारण सूचना र सञ्चारका क्षेत्रमा पर्याप्त काम गर्न नसकेको भन्दै संघीय सरकारले स्थानीय सरकारलाई तथ्यांक र अभिलेख राख्नका लागि सहजीकरण गर्नुपर्ने बताए ।

उनले संघीयताको मर्मअनुसार स्थानीय सरकारका अधिकार कार्यान्वयनमा सकारात्मक भूमिका निर्वाह गर्नका लागि मन्त्री शर्मासँग अनुरोध गरे । भेटका क्रममा मन्त्री शर्माले बुटवलको सञ्चार केन्द्र निर्माणको काम छिट्टै नै अगाडि बढ्ने विश्वास दिलाइन् । उनले संघीय सरकार र स्थानीय सरकारका बीचमा सहकार्य र समन्वयबाट प्रभावकारी काम हुनसक्ने बताइन् ।

प्रमुख पाण्डेयले राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेलसँग भेट गरी बुटवलको चुरे क्षेत्रको पहिरो नियन्त्रणमा दीर्घकालीन समाधान खोज्न आग्रह गरेका छन् । उनले स्थानीयवासीलाई जोखिममुक्त बनाउँदै चुरेको संरक्षण गर्न राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिमार्फत संघीय सरकारको प्रभावकारी कार्यक्रम आवश्यक रहेको उल्लेख गरे ।

भेटका क्रममा राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष पौडेलले पहिरो नियन्त्रण र जोखिम न्यूनीकरणका लागि सक्दो प्रयास गर्ने बताए ।

यसैगरी, बुटवल उपमहानगरपालिकाका प्रमुख पाण्डेयले सोमबारै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीसँग भेटेर अव्यवस्थित बसोबासीलाई लालपुर्जा दिँदा लिइने राजस्व घटाउन माग गरे । उनले अव्यवस्थित बसोबासीले राजस्व तिर्न नसकेका कारण लालपुर्जा वितरण रोकिएको बताउँदै राजस्व घटाउनुपर्ने धारणा राखे । उनले अव्यवस्थित बसोबासीले लालपुर्जा प्राप्त गरेको १० वर्षसम्म किनबेच गर्न नपाउने व्यवस्था संशोधन गरी घटाउनुपर्ने बताए । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No. 257820 | चलानी नं. ६०१९२४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL FACTOR (LABOR) | 100 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KALIFAH AL-BATEA ESTABLISHMENT FOR GENERAL CONTRACTING

पुर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No 274491 | चलानी नं. ६०१९०११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 17 | 0 | 1000 | ३२,८40 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Labour | 15 | 0 | 1000 | ३२,८40 | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०१/११ | LT. No. 280347 | चलानी नं.६०१९५८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 25 | 0 | 1800 | ६३,040 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २४ गते (7th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JMRAN OPERTAION & MAINTENANCE

पूर्व स्वीकृति मिति:२०७९/०१/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ | LT. No.261048 | चलानी नं. ६०१९१४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 52 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZIA GENERAL SECURITY GUARD SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०१/११ | LT. No. 285249 | चलानी नं. ६०२००६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४२,८३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 10 | 800 | २८,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वालिङ, स्याङजा**
**गडण्की प्रदेश, नेपाल**

### krishi Connect A Comprehensive Agricultural Value Chain Platfprm and mobile application कार्यको लागी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१/१२ गते)

यस नगरपालिका क्षेत्रको krishi Connect A Comprehensive Agricultural Value Chain Platfprm and mobile application कार्य गर्नको लागि इजाजत प्राप्त इच्छुक फर्म तथा व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि खरिद कार्य गरी उपलबध गराउनको लागी रितपूर्वक दरभाउपत्र आव्हान गरिएको छ ।

१) दरभापत्र फाराम खरीद गर्न इच्छुक व्यवसायीहरु फर्महरुले नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७८/०७९ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को नेपाल बैक लिमिटेड वालिङ शाखामा रहेको ***ग–१.१ आन्तरीक आय खाता ०८३०३००००१००१००००१ मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र दर भाउपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।***

२) दरभाउपत्र सम्वन्धि कागजात दाखिला गर्दा दरभाउपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउ पत्र साथ अनिवार्य रुपमा पेश गर्नं पर्ने छ ।

३) दरभाउपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने दरभाउपत्र दाताहरुको दरभाउपत्र स्वीकृत गरिने छैंन ।

४) दरभाउपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३०००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त वाणिज्य बैक वा वित्तिय संस्थावाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

५) दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउत्रप पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नू पर्ने छ । दरभाउपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने ।

६) कुनै पनि कारण जनाइ वा नजनाइ दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) दरभाउपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, संशोधन समेत र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन समेत हुनेछ ।

८) दरभाउपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति |
|---|---|---|
| २०८०/१/२७ गते **समयः** १२:०० वजे भित्र । | २०८०/१/२७ गते, **समयः** १२:०० वजे भित्र । | २०८०/१/२७ गते र **समयः** १४:०० वजे । |

| क.स. | ठेक्का नं. | निर्माण गर्नु पर्ने कामको विवरणहरु | लागत अनुमान (भ्याट समेत) | जमानत वापतको रकम (रु.) | दरभाउपत्र फारम दस्तुर (रु.) | कैफियत दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ३/२०७९/०८० | Krishi Connect A Comprehensive Agricultural Value Chain Platfprm and mobile application कार्य गर्न | १५७२६२१/०० | ४३२४७/० | १०००/० | (पछि फिर्ता नहुने) |

## रूपशाला

### ‘अमध्यम’को ‘बैशालु’ सार्वजनिक

बुटवलमा रहेको सांगीतिक व्याण्ड ‘अमध्यम’ले दोस्रो गीत ‘बैशालु’को भिडियो सार्वजनिक गरेको छ । नेपाली नयाँ वर्ष २०८० को अवसर पारेर व्याण्डले दोस्रो गीत दर्शकमाझ ल्याएको हो । अधवन नेटवर्कले निर्माण गरेको गीतमा सुजल रानाको स्वर, सिओन जिओनको गीतार, ओम शंकर श्रेष्ठ र अमध्यम व्याण्डको शब्द, विजय विश्वकर्माको बेस गीतार, सेठ सुनार र कमल कार्कीको ड्रम, सन्ध्या रसाइलीको ब्याक भोकल छ । गीतमा साजन श्रेष्ठ र सिओन जिओनको मिक्सिङ तथा एरेन्ज, साजन श्रेष्ठको मास्टरिङ र म्युजिक हबको स्टुडियो छ ।





# गोकर्णेश्वरमा मनाइयो पाँचदिने कान्तिभैरव जात्रा

■ प्रभाव संवाददाता



**काठमाडौं–** गोकर्णेश्वर नगर क्षेत्रमा मनाइने कान्तिभैरव जात्रा सकिएको छ । वैशाख कृष्ण चतुर्दशीदेखि वैशाख शुक्ल तृतीया (अर्थात् अक्षय तृतीया) पाँच दिनसम्म चल्ने यो जात्रा आइतबार सकिएको हो । श्रीभैरव, श्रीकुमार र श्रीगणेशको मूर्तिलाई आकर्षक रूपमा सिंगारी तीनतले खटमा विराजमान गराई तीनवटा रथलाई धार्मिक विधिपूर्वक पूजा-आजा गरी, बाजागाजा, गीत र नाचगानका साथ टोल परिक्रमा गरी यो जात्रा मनाइन्छ ।

वैशाख कृष्ण चतुर्दशीका दिन जात्रा क्षेत्रमा सरसफाइ ध्वजापतकाले सहरलाई सिंगार गरी मध्यरातमा श्रीभैरव, श्रीगणेश र श्रीकुमारको तान्त्रिक विधिअनुसार पूजा गरेर जात्रालाई जगाउने प्रचलन रहेको छ । तीनै देवताका रथलाई पुनः सिन्दूरजात्रा गरी गोकर्णेश्वरका विभिन्न क्षेत्रमा परिक्रमा गरइन्छ ।औंसीका दिन साँझ डबलीको दायाँबायाँ श्रीगणेश र श्रीकुमार एवं बीचमा श्रीभैरवको रथ बिसाएपछि क्रान्ति भैरव वैशाख शुक्ल प्रतिपदाका दिन पूजा गरेपछि मात्रै रथ उठाइने गोकर्णेश्वर-४ का वडाध्यक्ष जयराम महतले बताए ।

आमाको मुख हेर्ने दिन कान्तिभैरवको रथ भैरवीको मन्दिरमा पुऱ्याइनुलाई भैरव आमाको मुख हेर्न आएको भन्ने धार्मिक जनविश्वास रहेको छ । रथ उठाएर महत टोल, किसिगाल, भैरवचौर, तालिञ्चोक, चौतारा र नयाँपाटीलगायतका स्थानमा पनि बलिसहित पूजा गरिन्छ । सिन्दूरजात्रा गर्दै रथलाई राजा मानदेवले बसाएको ऐतिहासिक गोकर्ण देशे अर्थात् लाछीमा लगी राखिन्छ । श्रीगणेश र श्रीकुमारको रथ पनि त्यहाँ सिंगारेर राखिएको हुन्छ ।

चतुर्दशीका दिन बिहान गुठियारले तामाको सानो गणेश मूर्तिलाई ढक्कीमा राखी गुप्तिगणेशमा लगी राख्छन् । गुप्तिगणेशलाई दिनभर स्थानीयवासीले पूजा गर्दछन् । साँझमा गणेशको मूर्तिलाई परम्परागत बाजागाजासहित रथारोहण गरी गोकर्णेश्वरको ऐतिहासिक प्रमुख पुरानो बस्ती गोकर्ण देशेको बीचमा लगी बिसाइन्छ ।

यसपछि ऐतिहासिक गोकर्ण देशेको भैरव मन्दिरबाट भैरवको मूर्ति निकालिन्छ । निकालिएको मूर्तिलाई गुठियारबाट बलि चढाइ पूजा गरिन्छ । स्वर्णमय झण्डा र गजुरसहितको सिंहासनलाई तीनपटक मन्दिरको परिक्रमा गराइन्छ । सिंगारिएको तीनतले रथमा भैरवको मूर्तिलाई आरोहण गराइ बाजा बजाइ हर्षबढाइँ गरिन्छ र रथलाई गोकर्णेश्वर क्षेत्रका टोलटोलमा परिक्रमा गरिने प्रचलन रहेको वडाध्यक्ष महतले बताए ।

भातको देवता अर्थात् भाते द्यौलाई कान्तिभैरवको सौगात मानिन्छ । तीन स्थानमा व्रत बसेका तीन जना गुठियारले एक/एक पाथी भातको देवता बनाउँछन् । पाक्दापाक्दैको भातलाई झिकेर गुठियारले भातको मूर्ति बनाउनुपर्ने धार्मिक विधि छ । भातको अग्लो मूर्तिलाई दुईजनाले बोकेर तुलजा भवानीको मन्दिरमा लैजाने परम्परा रहेको महतले बताए ।

मन्दिरमा भातको देवता लिन जात्रालु रथसहित जाने गर्दछन् । रथलाई तुलजा भवानीको परिक्रमा गराएपछि भातको देवता बोकी जात्राको जमात उत्तर बाहिनीस्थित भैरवी मन्दिरतिर लाग्दछन् । जात्रामा बाजा बजाउने, रथ बोक्ने, चिराग बोक्ने, सुकुन्दा बोक्ने र भातको देवता बोक्नेलगायतका काममा जात्रालुको भीड लाग्ने गरेको छ ।

उत्तर बाहिनी कान्तिभैरव मन्दिर प्रांगणमा भाते देवतासहित भैरवको रथ पुऱ्याएपछि तीनपटक मन्दिर परिक्रमा गराइन्छ । रथलाई मन्दिरको ३२ पटक परिक्रमा गराएर मात्र बिसाउनुपर्ने धार्मिक विश्वास छ । रथ बिसाएपछि भैरवको प्रसाद लिन सहभागीबीचमा तछाडमछाड हुने गर्दछ । पहिलोपटक प्रसाद पाउने मानिस निकै भाग्यमानी हुने धार्मिक विश्वास छ ।

गोकर्णेश्वर नगरपालिका-४ बाट प्रतिपदाका दिन मध्याह्न सिंगो बाँसको पाँचवटा आँख्लामा पाँचथरी कपडाका ध्वजा बाँधी बाजागाजासहित श्रीभैरवको तान्त्रिक पूजा गरी बलि चढाइने प्रचलन छ ।

यसपछि ध्वजा भएको बाँसको टुप्पाले रथको गजूरमा जुधाएर रथ उठाइ डठुलाछीमा लगिन्छ । यस दिन गोकर्णेश्वर नगरपालिकाका ऐतिहासिक १० गाउँका मानिस पूजा सामग्रीसहित आएर पूजा गर्दछन् । यसरी पूजा गरेपछि स्थानीयले आफन्त र नाता कुटुम्बलाई घरमा बोलाई भोज खुवाउने प्रचलनसमेत भएको उनले बताए ।

वैशाख शुक्ल द्वितीया र तृतीयाका दिन पनि रथलाई गोकर्णेश्वर नगरपालिकाका विभिन्न क्षेत्रमा घुमाइन्छ । वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीयाका दिन साँझ भैरवलाई मन्दिरभित्र प्रवेश गराएपछि ऐतिहासिक पाँचदिने जात्रा सम्पन्न हुने वडाध्यक्ष महतले बताए । जात्रा सञ्चालनका लागि लिच्छविकालदेखि गुठीको व्यवस्था गरिएकामा हाल गुठी मासिएपछि गोकर्णेश्वर नगरपालिकाले जात्राको खर्च बेहोर्ने गरेको उनले जानकारी दिए ।

# कृपा र सोनुले पाए ‘राइजिङ स्टार’को उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** ‘राइजिङ स्टार-२०२३’को उपाधि जुनियरतर्फ इपिएस स्कुल, मीन भवनमा ५ कक्षामा अध्ययनरत कृपा गौतमले जितेकी छन् । यस्तै, सिनियरतर्फ नेशनल एकेडेमी, शंखमुलमा ७ कक्षामा अध्ययनरत सोनु महतारा जितेकी । बिजेताद्वयले नगद ५० हजारसहित विभिन्न उपहार प्राप्त गरेका छन् । क्रियटीभ वर्ल्ड नेपालद्वारा काठमाडौंमा आयोजना भएको प्रतियोगिताको यस सातौं संस्करणमा फस्ट रनरअप जुनियरर्फ पवन प्रकृति हाइस्कुल, इमाडोलमा कक्षा ५ मा अध्ययनरत आकृति खापुङ र सिनियरतर्फ ग्रामर पब्लिक स्कुलमा कक्षा ७ मा अध्ययनरत सृजा शाह भएका छन् ।

यस्तै, सेकेन्ड रनरअपको उपाधि जुनियरमा इडनब्रीज एकेडेमी, धापासीमा कक्षा ३ मा अध्ययनरत आलियाना अलि र सिनियरतर्फ केएमसी स्कुलमा कक्षा ९ मा अध्ययनरत एरिका अधिकारी भएका छन् ।

प्याब्सन काठमाडौंको सहकार्यमा सम्पन्न कार्यक्रममा ८७ जना काठमाडौंका बिभिन्न स्कुलमा अध्ययन गर्ने कक्षा २ देखि ९ सम्मका बिद्यार्थी सहभागी थिए । प्रतियोगिताको निर्णायकमा प्याब्सन काठमाडौंका उपाध्यक्ष रिता राई दाहाल, प्रभु बैंकका चिफ म्यानेजर मन्जयराज पाण्डे, राष्ट्रिय बालअधिकार परिषदका उपाध्यक्ष बम बानियाँ, गायक अशोक मुकारुङ, मिस मंगोल २०२२ की बिजेता पासाङ डोल्मा शेर्पा, डान्सिङस्टारका बिजेता छिरिङ शेर्पा, राइजिङ स्टार सिजन ४ का बिजेता अस्मिता अधिकारी र राइजिङ स्टार सिजन ५ का बिजेता प्रशुन बडाल थिए । कार्यक्रमको कार्यकारी व्यवस्थापन प्राज्ञ एवं संगीतकार शान्तिराम राईले गरेका बताए ।

## रंगशाला

**एसिसी पुरुष प्रिमियर कप**

# नेपाल सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** वर्षाको कारण एसिसी प्रिमियर कपमा नेपाल र साउदी अरबले सोमबार अंक बाँडेका छन्। साउदीसँग अंक बाँडेसँगै नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । समूह ’ए’ मा रहेका नेपाल र साउदीले माथिल्लो मूलपानी मैदानमा आ-आफ्नो तेस्रो खेल खेल्ने तय थियो । तर, वर्षा नरोकिएपछि टस समेत नभई खेल रद्द भएको छ । साढे १० बजे पानी रोकिएपछि मूलपानी क्रिकेट मैदानमा ढाकिएको पिचको कभर हटाइएको थियो। यता, आउट फिल्ड सुपर सापरले सुकाइएको थियो । तर, साढे ११ बजेपछि पुनः पानी पर्न थालेपछि पिच कभरले फेरि ढाकिएको थियो । खेल रद्द हुने भएपछि नेपाली टोलीका सम्पूर्ण खेलाडी मैदानमा उपस्थित दर्शकसँग फोटो खिचेर बाहिरिएका थिए ।

प्रतियोगितामा नेपालले यस अघि लगातार दुई खेल जितेको थियो। नेपालले पहिलो खेलमा मलेसियालाई ६ विकेटले पराजित गरेको थियो । यस्तै दोस्रो खेलमा ओमानलाई ८४ रनले हराएको थियो । यता, साउदीले पहिलो खेलमा मलेसियासँग ८ विकेटले पराजित भएको थियो। दोस्रो खेलमा साउदीले कतारलाई ७ विकेटले पराजित गरेको थियो। शीर्ष स्थानमा रहेको नेपालको ३ खेलबाट ५ अंक रहेको छ। साउदी ३ अंकसहित तेस्रो स्थानमा छ। नेपाल सेमिफाइनलमा प्रवेश गरिसकेको छ। नेपालले अन्तिम खेल बिहीबार कतारसँग खेल्ने छ ।

# एपिएफ र न्यु डायमण्ड सेमिफाइनलमा

■ प्रभाव संवाददाता



**ललितपुर –** ललितरपुरमा जारी “मेयर कप - २०८०” खुल्ला महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिलातर्फ एपिएफ र न्यु डायमण्ड सेमिफाइनल प्रवेश गरेका छन् ।

सोमबार जावलाखेल भलिबल प्रशिक्षण केन्द्रको कभर्डहलमा भएको खेलमा न्यु डायमण्डले ललितपुर महानगरपालिका र एपिएफले परोपकार गर्ल्स होस्टेललाई ३-० को सोझो सेटमा पराजित गर्दै एक खेल अगावै सेमिफाइनल प्रवेश गरेका हुन् । न्यु डायमण्डले ललितपुर महानगरलाई २५-१, २५-१२ र २५-८ को सेटमा पराजित गर्यो भने एपिएफले परोपकारलाई २५-६, २५-४ र २५-३ को सेटमा पाखा लगायो ।

पुरुषतर्फको खेलमा पुलिसले पाटन बहुमुखी क्याम्पस र आर्मीले बोगटी समाज ललितपुरलाई ३-० को सोझो सेटमा हरायो । पुलिसले पाटन बहुमुखीमाथि २५-१३, २५-१० र २५-१४ को स्कोरमा र आर्मीले बोगटी समाजलाई २५-८, २५-१४ र २५-९ को स्कोरमा हरायो ।

ललितपुर महानगरपालिकाद्वारा आयोजित प्रतियोगिताको विजेता टिमले समान २ लाख, उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ट खेलाडीलाई जनही १० हजार र विधागततर्फको उत्कृष्ट खेलाडीलाई जनही ५ हजार रूपैयाँ दिईने आयोजकले जनाएको छ ।

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स क. लि.को बिमालेख शान्तिनगरबाट बानेश्वर जाँदा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : अनमोल राई

बिमालेख नं.: ३०१०२२४२५

मोबाइल नं. : ९८६१४११०८९

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स क. लि.को बिमालेख शान्तिनगरबाट बानेश्वर जाँदा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : एलेक्स राई

बिमालेख नं.: ३०१०२४२०३

मोबाइल नं. : ९८६१४११०८९

# तृषा र सुमेश प्रथम

**पोखरा (प्रस)–** पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको अन्तर वडास्तरीय टेबल टेनिस प्रतियोगितामा वडा नम्बर ९ को टोलीले वर्चस्व कायम गरेको छ । चार विधामा प्रथम, द्वितीय र तृतीय भएका १६ खेलाडीमध्ये ५ जना पोखरा-९ का छन् ।

महिला सिंगल्समा वडा नम्बर ९ की तृषा गुरूङ प्रथम, वडा नम्बर ९ कै मुना थापा द्वितीय, वडा नम्बर ७ की पद्मा थापा र वडा नम्बर ४ की सिजल बानियाँ तृतीय भए । महिला डबल्समा वडा नम्बर ९ कै तृषा र मुनाको जोडी प्रथम, वडा नम्बर ४ का सक्रिया पोखरेल र सिजल बानियाँ द्वितीय भएको आयोजकले जनाएको छ । वडा नम्बर ७ का पद्मा थापा र सानिया श्रेष्ठ, वडा नम्बर २३ का एलिना श्रेष्ठ र राजश्री अधिकारीको जोडी तृतीय भएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए । पुरूष सिंगल्समा वडा नम्बर ९ का सुमेश लामा प्रथम, वडा नम्बर १७ का किसन जिसी द्वितीय, वडा नम्बर १५ का रूपबहादुर गुरूङ र वडा नम्बर १७ का प्रितम गुरूङ तृतीय भए ।

पुरूष डबल्समा वडा नम्बर १७ का किसन जिसी र प्रितम गुरूङको जोडी प्रथम, वडा नम्बर १५ का दीपकराज गिरि र रूपबहादुर गुरूङ द्वितीय हुन सफल भए । वडा नम्बर १४ का नवीन गुरूङ र दिपनिशान शाही, वडा नम्बर ९ का सुमेश लामा र अनुश कुँवरको टोली तृतीय भएको कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष एवं खेल संयोजक उत्तम जोशीले जानकारी दिए । महिला सिंगल्स, महिला डबल्स, पुरूष सिंगल्स र डबल्स गरेर आइतबार र सोमबार चार विधामा भएको प्रतियोगितामा १७ वटा वडाका ४९ जना खेलाडी सहभागी थिए ।

**शुक्लाफाँटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
झलारी, कञ्चनपुर
सूदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**


(सूचना प्रकाशित मिति २०८०/०१/१२)

यस कार्यालयको आ.व. २०७९/०८० अन्तर्गत तपसिल वमोजिमको निर्माण कार्यका लागि मिति २०७९/११/२३ गतेको रास्ट्रियस्तर पत्रिकामा प्रकाशित सूचीअनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएका बोलपत्रदाताको विवरण | कबोल अंक (मु.अ.कर र पी.एस सहित) रु. |
|---|---|---|---|---|
| १. | SMP/079-80/NCB/WSP/22 | Construction of Water Supply Project for Shuklaphanta Municipality ward no 2 , near miteri pool | Uchakoti Drilling and Construction Company Pvt.Ltd, Dhangadhi Kailali | ६,८०,९८,८६९.०२ |

प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रसंघका पूर्वप्रमुख बान म्यान्मामा



**यांगुन–** संयुक्त राष्ट्रसंघका पूर्वप्रमुख बान की मुन 'कू' बाट उत्पन्न संकट अन्त्यका लागि कूटनीतिक प्रयासका लागि म्यानमा भ्रमणमा आएका छन् । म्यान्माको 'कू' पछि देखिएको द्वन्द्वको अवस्थालाई अन्त्य गरी शान्ति स्थापनार्थ उनी सोमबार म्यानमारको राजधानी नेपिडो आएका हुन् ।

सेनाले सन् २०२१ मा गरेको 'कू' बाट उत्पन्न संकट अन्त्यका लागि कूटनीतिक प्रयासहरू रोकिएका छन्, असहमतिमाथि क्रूर दमनको अन्तर्राष्ट्रिय आलोचनालाई बेवास्ता गरेको जुन्टाले आफ्ना विरोधीहरूसँग संलग्न हुन इन्कार गरेको छ । म्यान्मारका सञ्चारमाध्यमले बानको भ्रमणबारे विस्तृत जानकारी नदिए पनि उन नेल्सन मण्डेलाले स्थापना गरेको 'द एल्डर्स' समूहका सदस्य छन् ।

म्यान्माको राज्य सञ्चालित समाचार संस्था ग्लोबल न्यू लाइट अफ म्यान्माका अनुसार बान र उनको टोली 'आइतबार साँझ हवाईमार्गबाट नेपिडो आइपुगेका' हुन् । उनलाई रक्षा र विदेश मामिलाका उपमन्त्रीहरूले भेटेका छन् तर सेना शासित देशका सञ्चारमाध्यमले यसबारे विस्तृत विवरण उपलब्ध गराएका छैनन् ।

सरकारी टेलिभिजनको बुलेटिनमा बानले क्यामरातर्फ फर्केर हात हल्लाउँदै केही अधिकारीसहित विमानस्थल पुगेको देखाइएको थियो । एएफपीले बानको भ्रमणबारे टिप्पणीका लागि द एल्डर्ससँग सम्पर्क गरेको छ ।

दक्षिण कोरियाली विदेशमन्त्रीसमेत रहेका बानले संयुक्त राष्ट्रसंघको महासचिव हुँदा कयौंपटक म्यान्माको भ्रमण गरे थिए । सन् २००९ मा उनले आङ सान सुकीलाई रिहा गर्न तत्कालीन जुन्टा नेता थान श्वेलाई दबाब दिन भ्रमण गरेका थिए तर जनरलले प्रजातन्त्र समर्थक नेतालाई भेट्ने उनको प्रयासलाई निर्लज्जतापूर्वक अस्वीकार गरेका थिए ।

सन् २०१६ मा, सुकी जेलबाट बाहिर निस्केपछि र म्यान्मारको वास्तविक नागरिक नेताको रूपमा सेवा गरेपछि, उनी देशको असंख्य जातीय विद्रोही समूहहरूसँग शान्ति सम्झौतामा हस्ताक्षर गर्न उनको प्रयासका लागि अन्तर्राष्ट्रिय समर्थनलाई बलियो बनाउन फेरि म्यानमार आएका थिए ।

सन् २०२१ मा भएको 'कू' को सुरुआतसँगै सुकीलाई फेरि हिरासतमा लिइएको छ । देशलाई उथलपुथलमा डुबाएको छ र अर्थतन्त्रलाई धराशायी बनाएको छ । म्यान्माका लागि संयुक्त राष्ट्रसंघका विशेष दूत नोएलीन हेइजरले गत वर्षको अगस्टमा म्यान्मा भ्रमणका क्रममा सुकीसँग भेटवार्ता गर्न आग्रह गरेका थिए ।

सेनाले उक्त अनुरोधलाई अस्वीकार गरेको थियो र हेजरले पछि नोबेल पुरस्कार विजेतालाई भेट्ने अनुमति नदिएसम्म उनी फेरि देश भ्रमण नगर्ने वचन दिएका थिए । जुन्टाले गत डिसेम्बरमा सुकीको बन्द अदालती सुनवाइको शृंखलाबद्धरूपमा पूरा गरेको थियो र उनलाई कूल ३३ वर्षको जेल सजाय सुनाएको थियो । *रासस⁄सिन्हवा*

# सुडानमा ४१३ जनाको मृत्यु भएको पुष्टि

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले सुडानमा जारी द्वन्द्वमा सोमबार बिहानसम्म ४१३ जनाको मृत्यु भएको जनाएको छ । संयुक्त राष्ट्रसंघीय बाल निकाय (युनिसेफ)ले युद्धमा बालबालिकाले ठूलो मूल्य चुकाउनुपरेको जनाएको छ ।

संगठनकी प्रवक्ता मार्गरेट हचारिसले संयुक्त राष्ट्रसंघको पत्रकार सम्मेलनमा सुडान सरकारको तथ्यांकअनुसार द्वन्द्वमा ४१३ जनाको मृत्यु भएको र तीन हजार ५५१ जना घाइते भएको जानकारी दिए । देशको सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच जारी भिडन्तको एक हिस्सा हो । उनले अप्रिल १५ यता १० सहित स्वास्थ्य संस्थामा ११ वटा आक्रमण भएको पुष्टि भएको बताए ।

'सुडानको स्वास्थ्य मन्त्रालयका अनुसार काम गर्न छाडेका स्वास्थ्य संस्थाहरूको संख्या २० छ । साथै, स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार बन्द हुने जोखिममा रहेका स्वास्थ्य संस्थाहरूको संख्या १२ छ,' हचारिसलाई उद्धृत गर्दै अनादोलुले रिपोर्ट गरेको छ ।

'यसको अर्थ हेरचाहको आवश्यकता रहेका व्यक्तिले आवश्यक स्वास्थ्य सेवा पाउन पनि कठिन बनेको छ । पत्रकार सम्मेलनमा युनिसेफका प्रवक्ता जेम्स एल्डरले भने, 'यो लडाइँले बालबालिकामा विनासकारी असर पारेको स्पष्ट छ । अहिले हामीसँग कम्तीमा नौ जना बालबालिकाको मृत्यु भएको र कम्तीमा ५० जना घाइते भएको समाचार प्राप्त भएको छ ।'

लडाइँ जारी रहँदा पीडित बालबालिकाको संख्या उल्लेख्यरूपमा बढ्ने देखिएको उनले बताए । एल्डरका अनुसार द्वन्द्वका कारण ठूलो संख्यामा मानिसहरू फसेका छन् र उनीहरूसँग विद्युत्को पहुँच छैन । उनीहरूलाई खाना, पानी र औषधिको अभाव छ । उनले भने, 'हाम्रो गम्भीर चिन्ताको विषय भनेको आक्रमणको चपेटामा परेका अस्पतालहरू हुन् ।'

एल्डरका अनुसार सुडानमा बालबालिकामा कुपोषणको दर विश्वमै सबैभन्दा बढी छ । 'हाम्रो जानकारीअनुसार करिब ५० हजार बालबालिकाका लागि महत्त्वपूर्ण जीवनरक्षक सहयोग जोखिममा छ । यस लडाइँले सुडानमा निरन्तर चिसो तापक्रममा राख्नुपर्ने खोप तथा औषधिलाई पनि खतरामा पारेको छ,' उनले भने ।

सुडानमा यसका कारण चार करोड अमेरिकी डलरभन्दा बढीको खोप र इन्सुलिनलाई उचित तापक्रममा राख्न कठिन भएको छ । गत शनिबार सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच राजधानी खार्तूम र आसपासका क्षेत्रमा भिडन्त भएको थियो । सन् २०२१ को अक्टोबरमा सेनाले प्रधानमन्त्री अब्दल्ला हम्दोकको संक्रमणकालीन सरकारलाई बर्खास्त गर्नुका साथै आपत्कालीन अवस्थाको घोषणा गरेपछि सुडानमा सन् २०२१ को अक्टोबरदेखि सेनाको नियन्त्रणमा सत्ता चलेको छ । *रासस⁄एएनआई*

# जापानमा १५ प्रतिशतले बढ्यो होटलको मूल्य

**टोकियो–** कोरोना भाइरसको महामारी सुरु हुनुअघि सन् २०१९ को सोही अवधिको तुलनामा पछिल्लो त्रैमासिक अवधिमा जापानमा होटलको औसत मूल्य १५ प्रतिशतले बढेको एक सर्वेक्षणले देखाएको छ ।

विश्वभरका होटल उद्योगको बजार तथ्यांक उपलब्ध गराउने अनुसन्धान फर्म एसटिआरले गरेको सर्वेक्षणअनुसार जनवरी-मार्चको त्रैमासिक अवधिमा जापानका होटलको एक कोठाको २४ घण्टाको औसत मूल्य १६ हजार १२५ येन (करिब १२० अमेरिकी डलर) रहेको छ । यो सन् २०१९ को सोही अवधिको तुलनामा करिब १५.७ डलरले बढी हो ।

एसटिआरको तथ्यांकअनुसार टोकियोमा होटलको औसत मूल्य २१ हजार ५८७ येन (करिब १६० डलर) अर्थात् देशकै सबैभन्दा बढी पुगेको छ । *रासस⁄सिन्हवा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFE SHIELD SECURITY SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/११ LT. No. 285259 चलानी नं. ६०२००६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LENGA PALMOIL INDUSTRIES SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ LT. No.276426 चलानी नं. ६०१९२३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4588855/4588856

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YESING MARKETING SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/११ LT. No. 285261 चलानी नं. ६०२००६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com

श्रम ईजाजत नं ९५७/०६७/०६८

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULAZIZ BIN ABDULLAH BIN AKRESH CONTRACTING CO. IS A ONE PERSON COMPANY

पुर्व स्वीकृति मितिः २०८०/०१/१० LT. No. :285220 चलानी नं.:६०२००६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Workers | 3 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,०२५ | | | | | | | |
| 3 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३५,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO. (TANDHEEF)

पुर्व स्वीकृति मितिः२०७९/११/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ LT. No. :282430 चलानी नं.:६०१९७९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Costruction Worker | 18 | 0 | 1000 | ३४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः Seagull Institute of Technical Training(SITT) Sukedhara-4, KTM मा मितिः २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QISHA SPA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०७९/०९/०८ पूर्व स्वीकृति मिति : २०८०/०१/११ LT. No. 278125 चलानी नं.६०१९३७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 2 | 170 | ७२,८०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १८ गते (1st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOPEDALE BEVERAGE SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/११ LT. No. 284263 चलानी नं. ६०२००६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Generak Worker | 10 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : L&A PACKAGING SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ LT No.266527 चलानी नं.६०१८२४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 9 | 0 | 1500 | ४२,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LAMA TILE ( UTARA )SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०१/११ LT. No. 285254 चलानी नं. ६०२००६७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LEAN LEE TRADING COMPANY SDN BERHAD

पुर्व स्वीकृति मिति २०७९/०४/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/११ LT. No. 268515 चलानी नं. ६०१८४५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 46 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**

श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९१०० | प्रति तोला – १०८६०० | प्रति तोला – १४२० |



**हिउँ परेपछि...** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल घोडेपानीमा सोमबार अपराह्न परेको हिउँ ।

*तस्बिरः सन्तोष गौतम/रासस*

# रोजगारी सिर्जना हुनेगरी लगानी गर्न एडिबीलाई आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालले एशियाली विकास बैंकलाई उत्पादन र रोजगारी सिर्जना हुने परियोजनामा लगानी गर्न आग्रह गरेको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र एशियाली विकास बैंक (एडिबी) का देशीय निर्देशक अर्नौड कौकोइसबीच आज सिंहदरबारमा भएको भेटमा उपाध्यक्ष श्रेष्ठले सरकारले उत्पादन र रोजगारी दिने खालका कार्यक्रम ल्याउने जनाउँदै त्यस्ता परियोजनामा लगानी बढाउन आग्रह गरेका हुन् ।

उनले नेपालमा उत्पादनमूलक र रोजगारी सिर्जना हुने परियोजनामा लगानी आवश्यक रहेको औँल्याए । छलफलमा उपाध्यक्ष डा श्रेष्ठले नेपालको विकासमा बैंकले गरेको सहयोगप्रति आभार प्रकट गरे । उनले आगामी दिनमा समेत सरकारलाई बैंकको सहयोग निरन्तर हुने विश्वास व्यक्त गरे ।

सो क्रममा उनीहरूबीच आयोग र बैंकबीचको सहकार्य तथा बैंकको सहयोगमा सञ्चालित आयोजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा छलफल भएको थियो ।

बैंकका देशीय निर्देशक कौकोइसले हालै एडिबीले नेपालमा गरेको लगानीको 'पोर्टफोलियो रिभ्यू' भएको जानकारी दिँदै नयाँ सरकारले ल्याएका नयाँ परियोजनामा लगानी गर्न एडिबी तयार रहेको बताए । एडिबीले लगानी गरेका नेपालका विकास परियोजनाको 'पोर्टफोलियो' सुधारिएको उनको भनाइ थियो ।

बैंकले नेपालको भौतिक पूर्वाधारलगायत क्षेत्रमा करिब रु चार खर्ब २१ अर्ब (३.२ विलियन डलर) बराबरको लगानी गरेको छ । सन् २०२२ सम्ममा बैंकले ऊर्जा, यातायात, कृषि, खानेपानी, सहरी पूर्वाधार, सेवा क्षेत्र, ग्रामीण विकास र प्राकृतिक स्रोत, स्वास्थ्य शिक्षालगायत क्षेत्रमा त्यस्तो लगानी गरेको हो । मेलम्ची खानेपानी आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो त्रिशूली जलविद्युत् आयोजनालगायत दर्जनौं आयोजनामा बैंकले लगानी गरेको छ ।

गत वर्ष मात्र बैंकले नेपाललाई २५ करोड ५० लाख अमेरिकी डलर बराबर ऋण लगानी गरेको थियो । पोर्टफोलियो रिभ्यू कार्यक्रममा बैंकले सहरी खानेपानी तथा सरसफाइ आयोजना, बाग्मती नदी बेसिन सुधार, ग्रामीण उद्यम वित्तीय आयोजना र विद्युत् प्रसारण तथा वितरण दक्षता अभिवृद्धि आयोजनालगायतलाई पुरस्कृतसमेत गरेको थियो ।

# सेयर बजारमा झिनो अंकको सुधार

■ प्रभाव संवाददाता




**काठमाडौं–** साताको पहिलो दिन कारोबार दोहोरो अंकको गिरावट देखिएको पुँजीबजारमा सोमबार दोस्रो दिन भने झिनो अंकको सुधार देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई दशमलव ७१ अंकले बढेर एक हजार आठ सय ८८ दशमलव ३२ अंक कायम भएको हो ।

दुई सय ७० वटा कम्पनीको २२ लाख ६० हजार आठ सय २३ कित्ता सेयर ३३ हजार दुई सय १३ पटक खरिदबिक्री हुँदा कारोबार रकम भने रू ७५ करोड १३ लाख ३० हजार तीन सय ९३ मा खुम्चिएको छ ।

बैंकिङ, होटल तथा पर्यटन, लगानी र निर्जीवन बिमा समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । बैंकिङ समूह शून्य दशमलव १६, होटल तथा पर्यटन समूह ६५ दशमलव ८२, लगानी समूह शून्य दशमलव ०८ र निर्जीवन बिमा समूह १९ दशमलव १९ अंकले घटेको हो ।

सबैभन्दा धेरै जीवन बिमा समूह ८२ दशमलव १० अंक र उत्पादन तथा प्रशोधन समूह २५ दशमलव ९८ अंकले बढेको छ । त्यस्तै विकास बैंक समूह २४ दशमलव ५४, वित्त समूह सात दशमलव १४, जलविद्युत् समूह सात दशमलव २२ र लघुवित्त समूह तीन दशमलव ९५ अंकले बढेको छ । त्यस्तै म्युचुअल फन्ड शून्य दशमलव १६, व्यापार समूह चार दशमलव ४६ र अन्य समूह चार दशमलव ४९ अंकले बढेको छ ।

कारोबारमा सबैभन्दा धेरै पिपुल्स पावर लिमिटेडको सेयर मूल्य आठ दशमलव ११ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कालिञ्चोक दर्शन लिमिटेडको सेयर मूल्यमा नौ दशमलव ६२ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा कालिञ्चोक दर्शन लिमिटेड पहिलो स्थानमा देखिएको छ । यो कम्पनीको रू आठ करोड ८१ लाख ७८ हजार दुई सय २१ बराबरको एक लाख पाँच हजार छ सय ३६ कित्ता सेयर किनबेच भएको छ ।

# ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग

**काठमाडौं (प्रस)–** संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग गरिएको छ । काठमाडौं महानगरपालिका-२६ ले यहाँ आयोजना गरेको सार्वजनिक सुनुवाइ तथा आव २०८०/८१ को वार्षिक योजना तर्जुमा कार्यक्रममा महानगरपालिकाको २६ नम्बर वडामा पर्ने ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग गरिएको हो ।

कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले अन्तर्राष्ट्रिय जगतमा चीरपरिचित ठमेललाई विशेष पर्यटकीय नगरी घोषणा गर्नुपर्ने बताए । 'नेपाल घुम्न आएकामध्ये ८० प्रतिशत विदेशी पर्यटक ठमेल आउने गरेका छन्, यसलाई विशेष पर्यटकीय नगरी घोषणा गर्नसके काठमाडौं महानगरपालिका र ठमेलको सान अन्तर्राष्ट्रियस्तरमा बढ्न सक्थ्यो', उनले भने ।

अध्यक्ष शर्माले ठमेल क्षेत्रमा करिब १० हजार व्यवसाय सञ्चालन रहेको र ५० हजार व्यक्तिले प्रत्यक्ष रूपमा रोजगारी पाएको बताए । उनले ठमेल क्षेत्रका भित्रि गल्लीहरू कालोपत्रे गर्नुपर्ने, सडक बत्ती तथा सिसी क्यामरा जडान गर्न वडा लाग्नुपर्ने बताए । सार्वजनिक कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्ले पर्यटन सूचना केन्द्र स्थापना हुनुपर्ने, ठमेल प्रवेशद्वार चाँडो सञ्चालन गर्नुपर्ने, ठमेलभित्र सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने, ठमेल भित्रका सम्पदालाई रङरोगन गर्नुपर्ने माग गरेको छ ।

कार्यक्रममा नयाँ बसपार्कस्थित मित्रनगर विकास तथा टोल सुधार समितिका अध्यक्ष दीपक सिम्खडाले मित्रनगरभित्रका बाटो चाँडो कालोपत्रे गर्न माग गरे ।

# मोदी इनर्जीले आइपिओ आह्वानपत्र सच्यायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** मोदी इनर्जीले आईपिओ बिक्रीका लागि जारी गरेको आह्वानपत्र सच्याएको छ । आइतबार प्रकाशित गरिएको आह्वानपत्रमा यसअघि प्रकाशित आह्वानपत्रमा भने सर्वसाधारणका लागि ५९ लाख ९४ हजार ४२० कित्ता सेयर निष्काशन गरिने थियो जसलाई सच्चयाएर सर्वसाधारणमा ५५ लाख ५९ हजार ४२० कित्ता रहेको कम्पनीले जानाएकोहो ।

कम्पनीले वैशाख १९ गतेदेखि सर्वसाधारणका लागि आईपिओ बिक्री खुला गर्न लागेको छ । प्रतिकित्ता १०० रूपैयाँको दरले न्यूनतम १० कित्तादेखि अधिकतम १ लाख कित्तासम्म आवेदन दिन सकिनेछ । यसमा वैशाख २४ गतेसम्म आवेदन दिन सकिने कम्पनीले जनाएको छ । सो समयसम्ममा सबै सेयर बिक्री नभएमा भने जेठ २ गतेसम्म खुला रहनेछ । कम्पनीले कुल ७२ लाख ५० हजार कित्तामध्येबाट आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई यसअघि नै आइपिओ बाँडफाँट गरिसकेको छ ।

त्यस्तै, सामूहिक लगानी कोषमा ३ लाख २२ हजार २८० कित्ता सेयर र कर्मचारीका लागि १ लाख २८ हजार ९१० कित्ता सेयर सुरक्षित गरिएको छ । बाँकि ५५ लाख ५९ हजार ४२० कित्ता सेयरमा सर्वसाधारण लगानीकर्ताले आवेदन दिन सक्ने कम्पनीले जानकारी गराएको छ ।

यस आइपिओलाई रेटिङ एजेन्सी इन्फोमेरिक्स नेपालले वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको जनाउने 'आइआरएन डबल बी प्लास रेटिड' प्रदान गरेको छ । बिक्री प्रबन्धक सनराइज क्यापिटल रहेको छ । सर्वसाधारणले सी-आस्वा प्रणालीमार्फत आवेदन दिन सक्नेछन् ।

# स्वदेशी सवारीसाधन दर्तामा सहजीकरण गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले नेपालमै उत्पादन भएका यात्रीलगायत सवारीसाधनको दर्ताका लागि कानुनी जटिलता सहजीकरणका लागि पहलकदमी लिएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले नेपालमा उत्पादन भएका सवारीसाधन सञ्चालनमा देखिएको कानुनी जटिलता तत्काल समाधान गर्न पहल गरिने बताए ।

मन्त्री ज्वालाले सोमबार मन्त्रालय मातहतका कर्मचारी र रोकारवाला निकायसँग कार्यविधि संशोधनका लागि निर्देशन दिएका हुन् । 'दुई दिनभित्र नेपालमा उत्पादन भएका सवारीसाधनको दर्ता र सञ्चालनको समस्या हल हुन्छ', उनले भने, 'स्वदेशमै उत्पादन भएका सवारीसाधनलाई हामी प्रोत्साहन गर्छौं, तर त्यसको सुरक्षा, सुलभ मूल्यमा होस् भन्नेमा हाम्रो चासो छ ।'

नेपालमा उत्पादन भएका सवारीसाधनको दर्ता र सञ्चालनमा लामो समयदेखि जटिलता रहँदै आएको थियो । मन्त्री ज्वालाले नेपाली उत्पादनलाई प्रोत्साहन र सहजीकरण गरिने उल्लेख गरे । कानुनी जटिलतालाई तत्काल हल गर्न यातायात व्यवस्था विभागको कार्यविधि निर्देशिका संशोधन हुनेभएको छ । यात्रीलगायतले नेपालमा विद्युतीय मोटरसाइकल उत्पादन गर्दै आएका छन् ।

नेपालमा उत्पादन भएका सवारीसाधनको परीक्षण पनि भइसकेको छ । तर प्रज्ञापनपत्रको अभावमा दर्ता हुनसकेका थिएनन् । प्रज्ञापनपत्रको सट्टा कर विजक लिएर दर्ता गर्न मिल्ने व्यवस्था गरिएको छ । यातायात व्यवस्थाको कार्यविधिमा नेपालमा पनि सवारीसाधन उत्पादन हुन्छन् भन्ने आँकलन गरिएको छैन । विसं २०५४ मा बनेको ऐन र कार्यविधिमा विदेशबाट खरिद भएका सवारीसाधनका लागि मात्र व्यवस्था गरिएको छ । मन्त्रालयका सचिव केशवकुमार शर्माले यात्रीलगायत स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नेगरी दर्ता प्रक्रियालाई सहज बनाउन आवश्यक कानुनी उल्झन सहजीकरण गरिने विश्वास व्यक्त गरे । उनले नेपाली उत्पादनका सवारीसाधन कम खर्चमा उपभोक्ताको पहुँच तथा सुरक्षित हुनुपर्नेमा जोड दिए ।

यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले यात्रीको दर्ताका लागि तत्काल कार्यविधि संशोधनको प्रक्रिया अघि बढाइएको र कम्पनीको उत्पादन सुरक्षित, गुणस्तरीय र उपभोक्तामैत्री हुनुपर्नेमा जोड दिए ।

## सात दिनभित्र मन्त्रिपरिषद् लगिने

**काठमाडौं (प्रस)–** नेपालमा उत्पादित सवारीसाधन दर्ता प्रक्रियामा देखिएको कानूनी जटिलता हल गर्न सम्बन्धित कानूनहरू संशोधन गरी मन्त्रिपरिषद्मा प्रस्ताव ल्याइने भएको छ । सवारीसाधन दर्तासम्बन्धी समस्या रहेको विषयमा जनचासो सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल समस्या समाधान गर्न निर्देशन दिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सरोकारवाला निकायहरूसँग गरेको छलफलमा उक्त निर्णय भएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गणेशप्रसाद पाण्डेको संयोजकत्वमा बसेको बैठकले 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०' मा आवश्यक संशोधन गरी नेपालमा उत्पादित सवारीसाधन दर्ता गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तीन दिनभित्र आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको हो ।

यसैगरी, सचिव पाण्डेका अनुसार नेपालमा उत्पादित सवारीसाधन दर्ताका लागि 'सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४' मा आवश्यक सुधार गर्न संशोधनको प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सात दिनभित्रमा मन्त्रिपरिषद्मा पेस गर्ने व्यवस्था मिलाइनेछ ।

छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एवं पदाधिकारीका अतिरिक्त भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, कानून मन्त्रालय, यातायात विभाग, विद्युतीय सवारीसाधन 'यात्री' का पदाधिकारीको उपस्थिति थियो ।

प्रधानमन्त्री दाहालले यसअघि नै नेपालमा उत्पादित हुने वस्तु तथा सेवालाई सहजरूपमा उत्पादनको नीतिगत व्यवस्थाका साथै प्रोत्साहनमुखी वातावरण तयार गर्न निर्देशन दिएका थिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ